राष्ट्र, राष्ट्रियता र जनताका लागि

# कदर पाक्षिक

KADAR MEDIA
KADAR MEDIA PVT. LTD.
कदर मिडिया प्रा. लि.

■ वर्ष ६ ■ अंक १८ ■ २०७७, पुष १-१५ ( Dec. 16-30, 2020) मूल्य रू. १५।-

## पर्याप्त गृहकार्य र परामर्श नभएका कारण अनुपस्थित भएको हुँ - सभामुख

काठमाण्डौ । सरकारले ल्याएको अध्यादेशमाथि बोल्ने क्रममा संघीय संसदका सभामुख अग्नी सापकोटाले पर्याप्त गृहकार्य र परामर्श नभएका कारण संवैधानिक परिषदको बैठकमा अनुपस्थित भएको सभामुखको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री एवं परिषद्का अध्यक्ष केपी शर्मा ओलीले बोलाएको संबैधानिक बैठकमा सभामुख अग्नी सापकोटा अनुपस्थित भएका थिए ।

सभामुखका प्रेस विज्ञ श्रीधर न्यौपाने द्वारा जारी वक्तव्यमा भनिएको छ, जहांसम्म हिजो (मंसिर ३० गते) को संवैधानिक परिषद् बैठकमा अनुपस्थित भएको विषय छ, यसमा सम्माननीय सभामुखज्यूले बैठकको पूर्वतयारी, गृहकार्य, आपसी परामर्श र आवश्यक समन्वय अभावका बाँकी पृष्ठ १० मा

# खुमलटारको निर्णय : ओलीबिरुद्ध कडा कदम चाल्ने

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले संवैधानिक परिषद सम्बन्धी अध्यादेश ल्याएपछि कार्यकारी अध्यक्ष प्रचण्ड निवास खुमलटारमा प्रचण्ड र वरिष्ठ नेता माधवकुमार नेपाल समूहको गोप्य बैठक बसेको उच्च स्रोतले बताएको छ ।

पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीमा नसोधेर आफुखुकी संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याएर ओलीप्रति आक्रमण देखिएका प्रचण्ड र माधव समूहको बैठकले ओलीविरुद्ध कडा कदम चाल्ने सहमति जुटाएको छ । पार्टीमा छलफल नै नगरी ल्याइएको अध्यादेश तत्काल फिर्ता नगरिए ओलीविरुद्ध पार्टीको



## काँग्रेस सरकारबिरुद्ध खनियो

काठमाडौं । सरकारविरुद्ध देशभर भएको प्रदर्शनले गर्ने प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले जनाएको छ । तीन वर्षयता लगभग निराशजस्तै देखिएका कांग्रेसी कार्यकर्ताहरु देशव्यापी प्रदर्शनबाट एकाएक उत्साही बनेका छन् ।

देशभरका प्रदर्शनमा कांग्रेस कार्यकर्ता तथा समर्थकको उल्लेख्य सहभागिता देखिएको थियो । पार्टीका केन्द्रीय नेताहरुले नै जिल्ला-जिल्लामा पुगेर विरोध प्रदर्शनको अगुवाइ गरेका थिए ।

काठमाडौंको शान्ति बाटिकामा भएको विरोध प्रदर्शनमा झण्डै ७/८ हजार को सहभागिता रहेको कांग्रेस नेताहरुले बताएका छन् । जिल्लाहरुमा भएको प्रदर्शनमा पनि उल्लेख्य सहभागिता देखिएको कांग्रेस नेताहरुले बताएका छन् ।

देशैभर कांग्रेसको प्रदर्शनमा उल्लेख्य करिब ९२ हजारको सहभागिता रहेको रिपोर्ट तयार पारेको बुझिएको छ ।

ओली सरकारको पक्षपातपूर्ण एवं सर्वसत्तावादी प्रवृत्ति, कोभिड-१९ नियन्त्रणमा देखिएको उदासीनता र भ्रष्टाचारको विरोध गर्दै प्रदर्शन गरिएको कांग्रेस नेताहरुले बताएका छन् ।

प्रदर्शनहरुमा ओलीविरुद्ध चर्का नाराहरु लगाउनका साथै बाँकी पृष्ठ १० मा

## किन हतार भयो राष्ट्रपतिलाई लाहछाप लगाउन

काठमाण्डौ । रिक्त रहेका संवैधानिक निकायहरूमा नियुक्तिको बाटो खुलाउन भन्दै सरकारले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी गरेको छ ।

राष्ट्रपति कार्यालयले संवैधानिक परिषद (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी अध्यादेश जारी भएको जनाएको छ ।






सत्तारूढ नेकपाको विवादबीच आइतबार र मंगलबार डाकिएको संवैधानिक परिषद् बैठकमा सभामुख अग्नि सापकोटा अनुपस्थित भएका थिए । सभामुख अनुपस्थित भएपछि कोरम नपुग्दा बैठक अघि बढ्न सकेको थिएन ।

प्रधानमन्त्रीको अध्यक्षतामा रहने संवैधानिक परिषदमा प्रमुख विपक्षी दलका नेता, प्रधानन्यायाधीश, सभामुख, बाँकी पृष्ठ १० मा

## बहुमत सदस्यको उपस्थिति बिनै सरकार द्वारा संवैधानिकपरिषद् अध्यादेश जारी

काठमाडौं । सरकारले बहुमत सदस्यको उपस्थितिमै संवैधानिक परिषदको बैठक बस्न सक्ने गरी अध्यादेश ल्याएको छ ।

सभामुख अग्निप्रसाद सापकोटाको अनुपस्थितिका कारण परिषद बैठक स्थगित भएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले आकस्मिक रुपमा मन्त्रिपरिषद बैठक बोलाएका थिए । बैठक लगतै संवैधानिक परिषद (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐनको दफा ६ को उपदफा ३ लाई संशोधन गर्ने गरी अध्यादेश राष्ट्रपति विद्यादेवी भण्डारीले जारी गरेकी छन् ।

जबकी मन्त्रिपरिषद बैठकमा यो अध्यादेशबारे कुनै छलफल नै नभएको एक बाँकी पृष्ठ १० मा

## संसदीय बाटो छलेर अध्यादेश ल्याउदा संकट आउला नी प्रधानमन्त्रीज्यू



पाक्षिक स्तम्भ

समर रोकाया

प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै, कोहीसंग छलफल र सल्लाह नै नगरी संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएका छन् । नेपालको प्रचलित कानुन अनुसार संवैधानकि परिषद्का बहुमत सदस्यको निर्णयबाट प्रतिनिधिसभामा टेबल भएपछि मात्रै राट्रपतिले प्रमाणी करण गर्ने कानुनी व्यवस्था भएपनि तर प्रधानमन्त्रीले त्यसो नगरेर आफूखुशी एकलौटी ढंगले सो बिधेयक ल्याएका छन् । संवैधानिक परिषद्मा प्रधानमन्त्रीको अध्यक्षतामा ७ सदस्यीय संवैधानिक परिषदको गठन भएको हुन्छ । जसमा प्रधानमन्त्री अध्यक्ष, समामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रतिनिसिभाका उपसभामुख, प्रमुख प्रतिपक्ष दलका नेता र प्रधानन्ययाधीश रहेको ७ सदस्यीय संवैधानिक परिषद् रहेको हुन्छ । हाल बाँकी पृष्ठ १० मा

कसैको लोकमा छैन एकनास उन्नति। -लेखनाथ पौड्याल

कदर मिडिया प्रा.लि. द्वारा प्रकाशित

जि.प्र.का.काठमाण्डौं । द.नं: ८०/०७१/०७२

# कदर पाक्षिक

अध्यक्ष/प्रधान-सम्पादक
; d/ /f]sfof

सम्पादक
तारादेवी कार्की (रोकाया)

सल्लाकार
मिनबहादुर शाही

कानुनी सल्लाकार
एन. के. बस्नेत

प्रमुख संवादाता
कृष्णबहादुर कार्की

व्यवस्थापक
अनिल बोहोरा

मुद्रण : पुष्पाञ्जली छापाखाना,अनामनगर, काठमाडौं

सम्पर्क कार्यालय
चनपा-१२, चुनदेवी, बलम्बु, काठमाण्डौं
मोबाइल : ९८४९८३०५२६, ९८४७६४५६३६, ९८१८६४५१५०
E-mail :–
kadarp792@gmail.com
kardarmida@gmail.com
kadarnews@gmail.com
Web :– www.kadarnews.com

काठमाडौं वितरक
धर्मपथ, न्यूरोड

# सम्पादकीय

## राजनीतिक संकट आउने संकेत

प्रधानमन्त्री केपी शर्मा ओलीले छलफल र सल्लाह नै नगरी संवैधानिक परिषद्का हाल कायम ६ सदस्यीय समितिलाई समेत छलेर तीन सदस्यीय सम्मिलित निर्णयबाट संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएका छन् । मन्त्रीपरिषद्को बैठकबाट समेत बहुमतले निर्णय नगरी आफूखुसी एकलौटी निर्णय लादेर एकै दिन राष्ट्रपतिकहां लगि सोही दिन नै राष्ट्रपतिले प्रमाणीकरण गरीसकेकी छन् ।

कानुनी व्यवस्था अनुसार कुनै पनि अध्यादेश ल्याउंदा संवैधानिक परिषद्का बहुमत सदस्यको निर्णय गरी संघीय संसदमा टेबल गरेर प्रतिनिसभाबाट पारित भएपछि मात्र राष्ट्रपतिकहां प्रमाणीकरण गर्न लैजाने भएपनि त्यसो नगरी प्रधानमन्त्रीले सिधै आफूखुसी,जर्बरजस्त सो सम्बन्धी अध्यादेश ल्याएका छन् ।

केपी ओली बहुमत दल नेकपाबाट प्रधानमन्त्रीमा निर्वाचित भएको भए पनि प्रधानमन्त्रीले अध्यादेश ल्याउदा आफ्नो पार्टी नेकपा भित्र समेत कुनै छलफल, सल्लाह र सहमति नगरेर बिना जानकारी एकाएक मन्त्रीपरिषद् बाट एकल निर्णय गरी राष्ट्रतिकहां लगि प्रमाणीकरण समेत गरिसकेका छन्। तर प्रधानमन्त्रीको सत्तारुढ दल नेकपा भित्र यस्तो खालको कदमको बिरोध र आलोचना भएको छ । त्यसमा प्रमुख प्रतिपक्ष दल, अरु राजनीतिक दल, नागरिक समाज, पेशाकर्मी अन्य समुदायले प्रधानमन्त्रीको यो असंबैधानिक कदमको बिरोध गरिरहंदा कतै देशमा पुनः राजनीतिक संकटको संकेत देखिन थालेको छ ।

पाक्षिक फोटो फिचर

सहकालका देवता मछिन्द्रनाथलाई मुङमतीबाट पाटन ल्याउदा



# मोहनबिक्रम सिंहलाई नेकपा भन्दा केपीको चिन्ता बढी

नेकपा (मसाल) का महामन्त्री क. मोहन विक्रम सिंहलाई किन हो केपी ओली प्रधानमन्त्रीबाट हट्ने हुन कि भन्ने ठूलो चिन्ताले सताएको देखिन्छ। केपी ओलीको सरकारलाई समर्थन गर्ने कि विरोध गर्ने सवालमा उहांको पार्टीभित्र चलेको अन्तर संघर्षमा उहांको विचारसंग मतभेद राख्ने केन्द्रीय सदस्यलगायत कैयौ पार्टी सदस्यहरुलाई कारवाही गरेका घटनाहरु बाहिर आएका छन्। यद्धपि उहांले त्यसलाई पार्टी अनुशासन नमानेकाहरु भनेर भनिरहनु भएको छ।

भनाइमा उहां कम्युनिस्टहरुमा दोहोरो मापदण्ड हुनुहुदैन भन्नुहुन्छ, तर केपी ओलीको सन्दर्भमा उहांले लिएको नीति यहीभित्र पर्दछ। लेख वा वक्तव्यमा उहांले नेकपा पार्टीको कुरा गर्नु भएको छ तर सारमा उहां नेकपा भन्दा केपीकै चिन्ता हो।

केपीको पक्षधरता उहांको पार्टी नीति बनेको छ। यदी केपी सरकारबाट हटेर अरु कुनै (माधव नेपाल, प्रचण्ड) आदि को नेतृत्वमा सरकार बन्ने अवस्था आएमा उहां उक्त सरकारको विरुद्ध लाग्ने स्पष्ट छ।

उहांका हरेक वक्तब्यहरु र अभिव्यक्तिहरु बाट के स्पष्ट हुन्छ भने कतै नेकपा (नेकपा) मा विभाजन आयो भने उहांको नेपालमा नयां जनवादी क्रान्ति पुरा गर्ने सपनामाथि विराम लाग्ने छ।

एकातिर उहांको पार्टी नेकपा (मसाल) वर्तमान ओली सरकारका विरुद्ध २२ दलीय वामपन्थीहरुको मोर्चामा संलग्न छ र वेलावेलामा ओली सरकारका प्रतिगमन कारी कार्यहरुका विरुद्ध सडकमा उत्रिएको छ भने अर्कोतिर नेकपामा फुट भएमा त्यसको दुष्परिणाम गणतन्त्र, धर्म निरपेक्षता र राजनीतिक स्थिरतामा देखा पर्ने बताएर त्यसको स्थायित्वको कामना पनि गर्दै हुनुहुन्छ।

महामन्त्री मोहनविक्रम सिंहको हस्ताक्षर मा २०७७ मङ्सिर २ गते जारी गरिएको प्रेस वक्तव्यमा यस्तो अवधारणा व्यक्त गरिएको हो। वक्तब्यमा उहांले भन्नु भएको छ- नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्र देखा परेको चरम प्रकारको अन्तरसङ्घर्षप्रति नेकपा (मसाल) ले गम्भीर चिन्ता प्रकट गर्दछ ।

हाम्रो चिन्ताको विषय त्यसद्वारा, अर्थात नेकपाको अन्तरसङ्घर्ष वा त्यसको परिणामस्वरूप देशको राजनीतिमा पर्न सक्ने सम्भावित असरप्रति नै हो । यदि नेकपाभित्रको अन्तरसङ्घर्षको परिणाम स्वरूप नेकपामा फुट हुन्छ वा त्यसको सरकारको विघटन हुन्छ भने त्यसको दुष्परिणाम लोकतन्त्र, गणतन्त्र, धर्म निरपेक्षता र राजनीतिक स्थिरतामा पनि पर्ने सम्भावना रहने छ।

त्यस्तो हुन नदिनका लागि हामीले लगातार नेकपाको एकता तथा सरकारको स्थायित्वमा जोड दिंदै आएका छौं र अहिले पनि हाम्रो त्यो नीति कायम छ । राजतन्त्रको कालभरी उहा.ले राष्ट्रियता कमजोरी हुने भन्दै क. पुष्पलालको संयुक्त जनआन्दोलनको कार्यदिशालाई विरोध र भण्डाफोर गर्दै आउनुमात्रै भएन त्यसलाई आधार बनाएर छ।

दृष्टिकोण
हुकुमबहादुर सिंह



पुष्पलालका विरुद्ध गद्दार पुष्पलाल नामको किताव समेत लेखेर तत्कालिन समयमा निरङकुस र पञ्चायती व्यवस्थाप्रति अप्रत्यक्ष सहयोग पुग्ने खालको काम गरेको इतिहास छ।

२०३५/०३६सालको आन्दोलन, २०४६/०४७ सालको आन्दोलनमात्रै नभई दशवर्षे जनयुद्ध तथा २०६२/०६३सालको संयुक्त जनआन्दोलनमा पनि गणतन्त्रको नारालाई कार्यनीतिक र रणनीतिक नारामा बांडेर लामो समयसम्म गणतन्त्रको प्राप्तीलाई नकारात्मक असर पर्ने खालले निर्णयहरु गराउने कामगर्दै रहनु भयो। यी सबै काम उहांले नेपाली जनवादी क्रान्तिको फाइदाका लागि गरेको दावी गर्न पनि छाडनु भएन।

२०४८सालको पहिलो संसदीय नीर्वाचनलाई बहिष्कार गरेपछिका आजसम्मका हरेक संसदीय नीर्वाचनमा तत्कालीन एमालेको सहयोग र समर्थनमा संदनीय नीर्वाचनमा भाग दिंदै आउनु भएका क. सिंहले पहिलो संविधानसभाको होस वा पछिको दोस्रो संविधानसभाको नीर्वाचनमा एमालेकै पुच्छर समाएर अगाडि बढेको इतिहास छ।

त्यसैले नेपका (एमाले) मूलतः केपी ओली पक्षधरहरुसंग उहांको आतमियता गहिरो छ। यद्धपि वेलावेलामा उहांका वक्तव्यहरु प्रकाशित भइरहन्छन् तर कुनैमा पनि केपी ओली पक्षधरहरुसंगको आतमियतालाई नकारात्मक असर पर्ने खालले हुंदैनन। यो काम उहांले बडो रकमी तरिकाले आफनो क्रान्तिकारी छवीमा असर नपर्ने गरी गर्दै आउनुहुन्छ।
सुरुमा विप्लव नेकपासंग पनि कार्यगत एकता थियो तर जव उक्त पार्टीले ओली सरकारका विरुद्ध मोर्चावन्धी गर्न थाल्यो, उहांले चलाकीसंग संयुक्त एकताको नर्म्सबाहिर गएर बोलेको भन्दै त्यसमा बसेर काम नगर्ने घोषणा गनु भयो, परिणाम उहांको यो निर्णयबाट ओली पनि खुशी भए।

ओलीका स-साना कुराहरुलाई लिएर उनको प्रसंसा गर्न उहां पछि हट्दैन तर उनका राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका सवालहरुका उनले लिएरको गलत कार्यका विरुद्ध बोल्न उहां आना कानी गर्दछ।

२२ दलीय मोर्चाले ओली सरकार एउटा राष्ट्रविरोधी, प्रतिगामी र प्रतिक्रियावादी सरकार हो भनिरहेका छन् उहांले त्यहां सडकमा त्यसको समर्थन गर्ने तर त्यस्तो राष्ट्रविरोधी, प्रतिगामी र प्रतिक्रियावादी सरकार ढल्छकी भनेर चिन्ता जाहेर गर्दै वक्तव्य निकाल्नु, यो आफैमा दोहारो मापदण्ड भएरन र ?

उहां यतिसम्म तल झरेर वक्तव्यमा भन्नु हुन्छ कि यो सरकार देश र जनताका लागि जति दिन टिक्छ, त्यत्तिकै देश र जनताको अहीतमा छ भन्नेहरुलाई प्रतिगमनलाई स्वागत गर्ने र गणतन्त्र वा धर्म निरपेक्षतालाई खतम गर्न चाहनेहरुमा कित्ताकाट गरेको पाइन्छ।

हेरौ उहांकै वकतव्यको एक अंश जसमा उहांले भनेको छ -जुन तत्वहरूले गणतन्त्र वा धर्म निरपेक्षतालाई खतम गर्न चाहन्छन, उनीहरू नेकपाभित्र देखा परेको अन्तरसङ्घर्षबाट प्रसन्न नै भइरहेका छन र, उनीहरूले यो चाहन्छन् कि त्यो अन्तर सङ्घर्षको परिणामस्वरूप नेकपामा फुट होस र त्यसको सरकारको विघटन होस।

त्यो अवस्थामा यदि देश एक वा अर्को प्रकारले प्रतिगमनतिर जान्छ भने त्यसलाई उनीहरूले स्वागत नै गर्ने छन र, नेकपाको सरकारलाई अपदस्थ गराउन जोड दिनुका पछाडिको उनीहरूको मुख्य उद्देश्य पनि त्यही हो।

यसरी उहांले मार्क्सवादी दृष्टिकोणलाई गलत अर्थमा उपयोग गरेको पाइन्छ । ओली सरकारलाई हेर्ने मोहनविक्रमको माकर्सवादी होइन मनोगतवादी दृष्टिको स्पष्ट हुन्छ।

क्रान्नितकारीहरुलाई भ्रममा राखिरहन उहां यो भन्न पनि छाडनु भएको छैन र भन्नुहुन्छ - तत्कालीन एमाले र माओवादी केन्द्रका बिचमा भएको एकता कम्युनिस्ट एकता थिएन र त्यो एकताद्वारा एकीकृत कम्युनिस्ट पार्टीको निर्माण पनि भएको थिएन। अनि भन्नुहुन्छ तर ओली सरकार टिक्नु पर्छ। यो कस्तो क्रान्तिकारीता हो।

उनीहरूको एकताप्रति त्यस प्रकारको सकारात्मक दृष्टिकोण अपनाउनुको अर्थ हामीले उनीहरूलाई वा उनीहरूको सर कारलाई पुरै समर्थन गर्दछौ भन्ने होइन। उनीहरूप्रतिको समर्थन विरोध र सङ्घर्षका बिचको समर्थन हो। उनीहरूका सबै गलत नीति र कार्यशैलीको हामीले दृढतापूर्वक र सम्झौताहीन प्रकारले विरोध गर्दै आएका छौ र विरोध गर्दै जाने छौ।

उनीहरूको त्यस प्रकारका नीतिका विरुद्ध हामीले आफ्नो स्वतन्त्र पहलकदमीमा सङ्घर्ष गर्नुका साथै अन्य पक्षसित पनि समान समझदारीका आधारमा विरोध गर्ने हाम्रो नीति रहंदै आएको छ र, आउने दिनमा पनि त्यस प्रकारको नीतिलाई अगाडि बढाउने हाम्रो प्रयत्न हुने छ।

यसरी सरकारको नेतृत्व ओलीजस्ता कम्युनिस्टको नाममा कम्युनिस्ट विरोधीहरुको तर उक्त सरकार ढल्छ कि भन्ने चिन्ता नेकपा (मसाल) का महामन्त्री मोहनविक्रमजीको।

## विचार स्तम्भ



**तुरुन्त अध्यादेश फिर्ता गरेर गल्ती सच्चाउन आग्रह ।**

माधवकुमार नेपाल
**वरिष्ठ नेता,नेकपा**



**संसद अधिवेशन छलेर संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याउनु अलोकतान्त्रिक हो ।**

शेरबहादुर देउवा
**सभापति, नेकां**

# सरकारको विकल्प संघीय गणतन्त्र नेपाल



पुष्पगोपाल श्रेष्ठ

निर्दलीय पञ्चायती कालरात्रिले देशमा सृजना गरेको राजनैतिक सन्नाता बीच क्रान्तिकारीहरुले देश र जनताप्रतिको आफ्नो दायित्व बोधलाई मनन् गर्दै, भूमिगत रुपले विभिन्न क्षेत्रिय तहमा राजनैतिक सचेतना जगाउदै राजनैतिक संगठन निर्माण अगाडि बढाउँदै गर्दा, एकाएक झापामा राजनैतिक विस्फोटन अर्थात झापा बिद्रोह (सशस्त्र विद्रोह) ले अग्रस्थान ओगत्न पुगेको थियो ।

तर, विद्रोहको निम्ति आवश्यक पुर्वाधार निर्माणमा हुनगएको केही कमि कमजोरि बाट, सत्तापक्षलाई विद्रोही क्रान्ति कारीहरु माथि निर्ममता पूर्वक दमन चक्र अपनाई विद्रोहलाई छताछुल्ल पार्न सहज बन्न पुगेको थियो, भने अर्कोतिर निरंकुश तानाशाही पञ्चायति शासकहरुको निर्मम यातना र कठोर बन्दि जीवन यापन गर्दै आइरहेका विद्रोही क्रान्तिकारीहरु, बन्दी जीवनबाट मुक्त भए पश्चात कतिपय क्रान्ति कारीहरु सैद्धान्तिक राजनीतिबाट पलायन भई बसेका मध्ये केही व्यक्ति विशेषहरुको जमात मिली अवसरवादी सोचका साथ राजनैतिक लाभ उठाउने कुचेष्टामा लिप्तभई, प्रतिक्रियावादी क्याम्प सामु नाङ्गेझार भई आत्मा-समर्पन गरी खुल्ला राजनीतिमा संमलग्न रही आएका थिए ।

यिनीहरुको राजनैतिक पृष्ठभूमि देश र जनताको आवश्यक्ता र चाहना विपरित आफ्नै व्यक्तिगत स्वार्थमा लिप्तरही, देशको राष्ट्रिय स्वाधिनता प्रति हेलचक्राईं गर्दै, साम्राज्यवाद, विस्तारवाद एवम् वैदेशिक प्रतिक्रिया वादीहरु सामु नतमस्तक भई लम्पसार वादी नीति अवलम्वन गर्दै आएका थिए ।

देशको वर्तमान कार्यकारी प्रमुख केपी शर्मा ओली आफै भ्रष्टाचारको नाइके तथा भ्रष्टाचारीहरुको संरक्षक रहेको भनी ट्रान्परेन्सी इन्टरनेशनल एसिया २०२० को प्रतिवेदनमा उल्लेख हुनु र नव-उदारवादको निर्देशनमा साम्राज्य वादको राग अलाप्दै आएको वर्तमान कम्युनिष्ट नामधारी सरकारको क्रियाकलापले गर्दा, नेपालका स्वाभिमानी नेपाली जनसमुदायलाई विश्वसामु शीर ठड्याई उठ्न नसक्ने गरी लज्जित टुल्याएका छन् ।

०५२ सालबाट शुरुभए गरेको दश वर्षिय महान जनयुद्ध विजयको शिखर नजदिक अगाडि बढिरहेको स्थितिमा, जनयुद्धका प्रमुख नेतृत्वदायी भूमिकामा रहिआएका पुष्प कमल दाहाल प्रचण्ड कसैको तिग्रम वा दवावमा परेर भन्नु भन्दा उ आफुभित्रको क्रान्तिकारी सोच र चरि त्रबाट चिप्लिएर सामन्ति सोच र संसकार 'आफु भलो त जगत भलो' भन्ने ठेगोमा लतपत भई, कम्युनिष्टक सोच र संसकार 'जगत भलो त आफु भलो' भन्ने सोचलाई तिलाञ्जली दिई, पुरै नाङ्गेझार बनी दश वर्षिय महान जनयुद्ध प्रति गद्दारी गर्दै आफ्ना पिछलग्गु एक झुण्डकासाथ, संसदिय प्रतिक्रिया वादी सरकारसाग शान्ति-सम्झौता गर्नुको नाउंमा आत्मा-समर्पणको प्रक्रिया अपनाई, जनयुद्धको क्रममा निर्माण भए गरेका सम्पूर्ण संरचनाहरु एकतर्फी रुपमा विघटन गरी उनीहरुकै पिछलग्गु बन्दै पानीमा रुझेको बिर लोभैो लुखुरलुखुर हिंदिरहेका छन् ।

नेपालको कम्युनिष्ट आन्दोलनलाई नामोनिशान मेट्ने उद्देश्यका साथ जनयुद्धलाई अराष्ट्रिय तत्व घोषणा र आफ्नै टाउकाको मूल्य टोक्न समेत सघाउ पुऱ्याउने व्यक्ति विशेष र ग्याङसित प्रचण्डले घाँटी जोडेर पार्टी एकताको नाउबाट खडा गरिएको दबल नेकपाका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको कम्युनिष्ट नामधारी वर्तमान सरकारले, देशको राजनीतिक, आर्थिक एवम् सामाजिक लगायत सबका सब ध्वष्ट पार्दै, कोरोनाको कहरमा जक्रियर रोग र भोकको विकराल स्थितिभित्र छटपतिरहेका आम जनसमुदायलाई उद्धार र उपकार गर्नुको उल्टो तमासे बनि पार्टीभित्रको आन्तरिक कलहमा व्यस्तरही ती देश र जनद्रोहिहरु निर्लज्ज ढङ्गले मूक दर्शक बनि बसेका छन् ।

नयां संविधान निर्माण गर्नुको तात्पर्य, बहुसंख्यक किसान, मजदुर लगायत अढाई सय वर्ष पूर्वदेखी राज्यसत्ता बाट विस्थापित गराएका आदिवासी-जनजाती, महिला, मधेसी, दलित लगायत उत्पीडित जन-समुदायको हक हित र अधिकारको सम्बोधन गर्नु हो ।

राज्यको केन्द्रीत प्रणालिबाट सामन्त र नोकरशाही-दलाल पूजीपति वर्गको पक्षपोषण हुंदै आइरहेको स्थितिमा राज्यको अग्रगामि पुनसंरचना तथा केन्द्रमा रहेको अधिकारलाई बांडफांड गरी स्वायत्त प्रदेश, स्वायत्त क्षेत्र र स्थानीय निकाय हुदै सर्वसाधारण जनताको घरदैलोमा पुऱ्याइयो भने सापेक्षिक रुपमा सर्वसाधारण जनताले अधिकार प्राप्त गर्ने छन् भन्ने मान्यता हो ।

राज्यको अग्रगामी पुनसंरचना गर्दै सामन्तवाद, साम्राज्यवाद र विस्तारवाद विरोधी जनताको संघीय जनगणतन्त्रात्मक संविधान बनाउने नेपाली जनताको जनादेश हो ।

यही जनादेशलाई मनन् गर्दै तत्कालिन माओवादी सभासदहरुले संविधान निर्माणका प्रक्रियाहरुमा र सबै विषय समितिहरुमा अथक प्रयास नगरेका होइनन् । खासमा भन्नुपर्दा ११ विषयगत समितिका प्रतिवेदनको मस्यौदा तयार गर्ने क्रममा अधिकांश मस्यौदा प्रतिवेदनहरुमा माओवादी सभासदहरुको मतले नेतृत्वदायी स्थान प्राप्त गर्न सफल रही आएका थिए ।

देश र जनताको आवश्यक्त र चाहना अनुरुप पहिचान सहितको संघीयतामा नेताहरु बीच पहिलो संविधानसभाको अन्तिम तिर सहमति हुनै लाग्दा, बालुवाटारको एक कुनामा बसेर यही केपी शर्मा ओलीले भनीरहेका थिए - कोशी तरेर कुन माइकालालले संघीयता लागु गर्न आउंछ हेरौं न ।

यसै गरेर उनले ०६२/०६३ सालमा भए गरेको संघीय जनगणतन्त्रको निम्ति उर्लेको दोश्रो जन-आन्दोलनताक पनि उनैले बालकोटमा ठड्याइएको आफ्नो निजि महलमा आफ्ना अरिङ्गालहरुको भीड जमघट गरेर भनीरहेका थिए वयल गाडामा सवार भई अमेरिका पुग्न सकिन्न ।

ओलीको यस्तो निकृष्ट बैचारिक धरातलका बारेमा के प्रचण्ड रबाबुराम बेखबर थिए ? अनभिज्ञ थिए ? अवश्य पनि बेखबर र अनभिज्ञ थिएन । यी र यस्ता सबै कुरा थाहा हुंदाहुंदै यस्तै यस्ताको मिलेमतोमा पहिलो संविधानसभा विघटन गर्न पुगेका थिए । त्यतिखेरको प्रधानमन्त्री पनि बाबुराम भट्टराई नै थिए ।

यसै सम्बन्धलाई खोतलेर भन्नु नै पर्दा ०६२/०६३ सालको दोश्रो जन आन्दोलनले निर्माण गरेको अन्तरिम संविधानमा कुनै पनि कारण भनलकाई, गठित पहिलो संविधान सभा विघटन गर्ने आधार उक्त संविधानको कुनै धारा उपधारामा उल्लेख भए गरेको पाइन्न र छैन ।

तर, बिना आधार अनाधिकार रुपले सर्वोच्च अदालतको आदेश मानी पहिलो संविधान सभा विघटन गर्नु भनेको माओवादी जनयुद्ध, दोश्रो जन-आन्दोलन मधेस बिद्रोह र जनजाती आन्दोलन लगायत युद्ध र आन्दोलनहरुले स्थापित गरेका मुद्दाहरुको मूल्य र मान्यताको अवमुल्यन र अपमान गर्नु हो भने अर्कोतिर दोश्रो संविधान सभा निर्माण गर्न दलिय व्यवस्था भित्र निर्दलिय सर कारको अध्यक्ष पदमा सर्वोच्च अदालतका बहालिवाला प्रधानन्याय धीश खिलराज रेग्मिको अध्यक्षतामा मन्त्रिपरिषद् गठन गरी त्यसैको मातहतमा चुनाव गराई दोश्रो संधिवान-सभा निर्माण गर्नु लोकतन्त्रकै उपहास गर्नु हो ।

वर्तमान देशको राजनैतिक माहोल अर्थात वर्तमान राज्यसत्ता, व्यवस्था र भ्रष्ट निकम्वा सरकारको विकल्प राजतन्त्र होइन । हो त आन्दोलन रत देशभक्त स्वाभिमानी नेपाली जनसमुदायको जनादेश भनेको संघीय जनगणतन्त्रीय राज्यव्यवस्था हो । यो छोटो लेखमा शाहवंशीय राजतन्त्र र यिनका अघोषित उत्तराधिकारीहरुले नेपाल र नेपाली जनसमुदाय प्रति अपनाई आएको कार्यविधि बारे संक्षिप्त चर्चा गरिने छ ।

सरनार्थीको रुपमा नेपाल सदरभित्र गोर खामा प्रवेश गरेका पृथ्वीनारायण शाहका पुर्खालाई गोरखा निवासीले नेपाली मात्रको सदभावना, सरणमा आएकालाई मरनमा पार्नु हुन्न भन्ने मूल्य र मान्यता अनुरुप मान सम्मानका साथ गोरखा निवासी मगर जातीले ती सरणार्थीहरुलाई सुविधा युक्त व्यवस्था मिलाई जीवन यापन गर्न दिइरहेकाहरुकै बिरुद्ध, ती दुरासय मानसिक्ताका दुष्टजनहरुले जाल झेल नीति अपनाइ जुन थालमा खायो त्यही थालमा छेद गर्नु द्रव्य शाहले मगर जातीय समुदायको मुली छान्ने प्रक्रिया-दौड प्रतियोगिता गरी त्यस प्रतियोगितामा जो प्रथम भए उनैलाई आफ्नो जातिय समुदायको मूली मान्ने प्रथा अनुरुपको दौड प्रतियोगिता गर्ने दिन, त्यो बाटोको बीच बाटोमा, दौड शुरुहुनु अघिनै गई लुकी बसेका थिए । दौड प्रतियोगिता शुरु भएर धावकहरु कुद्दै आफु नज्दीक के आइपुगेका थिए, त्यसैमा सबैको आंखा छलेर दौड्दै मिसिएर आफु प्रथम भएको भनि झुठमुठको दावी गरी सोझा सिधा उक्त जातीको मूली हडपेर गोरखामा जवरजस्त हालिमुहाली जमाउन पुगेका थिए ।

यसै क्रमबद्धतालाई कायम राख्दै, पृथ्वी नारायण शाहले गोरखाबाटै नेपाल एकीकरणको नाउंमा नेपालको अस्तित्व नामेट गर्ने दुःसाहसपूर्ण तौर तरिका अपनाई गोरखा राज्य विस्तार गर्ने क्रमसंगै नेपालका अन्य तमाम् आदिवासी-जनजातीहरु माथि जालझेल का अनेकौं षड्यन्त्रका चालबाजी अपनाई शोषन, दमन र उत्पीडनका नीति अख्तियार गर्दै समस्त आदिवासी-जनजातीहरुलाई तितरबितर पारी, गोर खा राज्य विस्तारको अभियानलाई सुदृढ र समृद्ध पार्ने उद्देश्यका साथ, अन्त राष्ट्रिय सहयोग र सदभावना जुटाउन नेपालको गौरवमय इतिहासमा कालो धब्बा लाग्ने गरी, त्रिदेशिय नेपाल-भारत र बेलायती सरकारहरु बीच गोरखा भर्ति-केन्द्र निर्माण गर्ने सन्धि सम्झौता गर्न पुगेका थिए । तर, नेपालका तमाम आदिवासी-जनजातीहरुको दिल दिमागमा रहिआएको राष्ट्रिय स्वाधिनताको अमित छापसंगै आ-आफ्नो कला, संस्कृति र संसकारको र ठेहमा काठमाडौं उपत्यकाका नेवार जन-समुदायद्वारा निर्मित कला, संस्कृति र संसकारको धरातललाई केही गर्दा पनि तल माथि कतै केही गर्न नसके पछि, पराजित मानसिक्ता बोकी नेपाल सदरभित्र दुरासय मानसिक्ता अनुरुप फेरी पनि केही गर्न सकिन्छ कि भनेर आन्तरिक उपनिवेश खडा गरी खस आर्यहरुको एकल जातीय केन्द्रीकृत राज्य व्यवस्था कायम गरी आएका थिए ।

२५० वर्षको लामो समयावधि भित्रको शाहवंशिय राजतन्त्रका घोषित एवम् अघोषित उत्तराधिकारीहरुले, देशको राष्ट्रिय स्वाधिनताको रक्षा र जनताको मुक्ति र स्वतन्त्रताको नाउमा आततताई साम्राज्यवादी, विस्तारवादीहरुको अतिक्रमण र हस्तक्षेपकारीहरुको दलाली गर्दै राज्यसत्तामा हावीबन्दै आइरहेको वर्तमान स्थिति हो ।

अंग्रेजसंग भएको भनिएको कथित सुगौली सन्धि पश्चात हाम्रो स्वतन्त्र मुलुक नेपाल अर्ध औपनिवेशिक अवस्थाबाट गुज्रिन्दै आइरहेको वस्तुस्थितिलाई यथावत कायम राखिरहन दलाल नोकर शाही पुंजीपति र अर्धसामन्तिहरु मरि हत्ये गर्दै आइरहेको मात्र होइन ।

अपितु सिक्किमलाई भारतमा गाभ्ने लेन्दुप दोर्जेको अनुसरन गर्ने कसरतमा लागिपर्दै आईरहेको वर्तमान स्थितिमा, ति शाहवंशका घोषित एवं अघोषित उत्तराधिकारी हरुको सोच र क्रियाकलापहरु सबका सबलाई खारेज गर्दै देशको राष्ट्रिय स्वाधिनताको रक्षार्थ देश तथा विदेशमा छरिएर रहेका तमाम् देशभक्त स्वाभिमानी नेपालीहरु सब एकसाथ लामबद्ध भई अगाडि बढ्नु आजको राष्ट्रिय आवश्यकता हो ।

खासमा सुगौली सन्धि के हो रु १८१६ मा सुगौली सन्धि भयो भनी अंग्रेजहरुले हौवा खडा गरेदेखि आजसम्म नेपालका कुनै पनि सरकारले सुगौली सन्धि बारे गम्भिर भई सोध-खोज गरेको देख्न र सुन्नमा आएको छैन ।

बरु यस्को उल्टो बिना सोच बिचार अंग्रेजहरुले फैलाएको हौवाको पछि लागेर सुगौली सन्धिको रतान रत्दै आएको देख्न र सुन्नमा आएको छ । के सुगौली सन्धि साचो अर्थमा भए गरेकै हो त रु यसरी कोही कसैले खडा गरेको हौवा पछि लाग्नु ठीक होइन । सन्धि भएकै हो भने त्यो सन्धिपत्र कहां छ रु कहिं न कहिं त सुरक्षित रहेकै हुनुपर्छ, त्यसको खोजनिति आजसम्म किन गरेन र भएन ।

सुगौली सन्धि भए गरेकै होइन भन्ने कुरा त त्यतिबेलाको देशको वस्तुस्थितिले प्रस्त्याएको छ, अर्थात जतिखेर अंग्रेजहरुले सुगौली सन्धि गर्नु पऱ्यो भन्ने प्रस्ताव चलाएको थियो । त्यो बेलामा राजा निर्माणयुद्धको देवहसान भएको र ४ वर्षका राजेन्द्र विक्रम गद्दिमा आएको बेला थियो । त्यस्तो नाजुक स्थितिको फाइदा उठाएर सुगौली सन्धिको प्रश्ताव अंग्रेजले गरे । त्यस प्रस्तावमा सहि गर्ने दुई जना अनाधिकार व्यक्तिहरु जो पत्रहार (दुत) थिए । उनीहरुलाई सन्धि गर्ने कुनै अधिकार थिएन । ती दुई व्यक्तिहरु हुन् - चन्द्रशेखर उपाध्याय र गजराज मिश्र । यसैको आधारमा अंग्रेजहरुले सन्धिमा हस्ताक्षर भयो सन्धि भयो भनेर हल्ला मचाएर एकतर्फि निर्णय गरे ।

अंग्रेजहरुले भन्दै गरे जस्तो र नेपाल सरकारले मान्दै आए जस्तै त्यो सुगौली सन्धि भए गरेकै हो भनेपनि, नेपाल भारतबीच १९५० जुलाई ३१ मा भएको शान्ति तथा मैत्री सन्धिको धारा ८ मा यो सन्धि भएको मिति भन्दा पहिले भारत सरकारको तर्फबाट बेलायत सर कार र नेपाल सरकार बीच भएका सबै सन्धिपत्र, स्वीकारपत्र र कबुलनामाहरु लाई खारेज गरेको अवस्था र ३० अक्टोवर १९५० को नेपाल बेलायत बीच भएको सम्झौता धारा ८ मा पनि काठमाडौंमा भएको २१ डिसेम्बर १९२३ को सन्धि तथा यस पूर्वका सम्पूर्ण सन्धिहरु व्यवस्थाहरु र सम्झौताहरु वर्तमान सन्धि लागू भएसंगै कार्यरुपमा प्रयोग हुनुबाट बञ्चित गरि एको प्रावधान छ ।

बेलायतको संसदले १८ जुलाई १९४७ मा पारित गरेको 'इण्डिया इन्डेपेन्डेन्ट एक्ट'मा स्पष्ट रुपमा हामी जुन अवस्थामा आएका थियौं, त्यहि अवस्थामा छाडेर जादैछौं भनि लेखिएको निर्णय छ ।

भारत, बृतिस साम्राज्यवादबाट स्वतन्त्र भएपछि, नेपालको भूभाग भारतको अधिनमा रहने भन्ने कुनै सन्धि सम्झौता वा समझदारी भएको छैन र त्यस्तो कुनै प्रावधान नभएकाले मात्र होइन, अंग्रेजले बलजफती हडपेको जमिन नेपालको सांध सीमा हाम्रो प्राण भन्दा प्यारो देश नेपालको राष्ट्रिय स्वाधिनताको रक्षा गर्नु हाम्रो राष्ट्रिय दायित्व हो । तर, दुरभाग्यको कुरो वर्तमान राज्यसत्ता, व्यवस्था र सरकारको क्षमता मात्र होइन, यस सम्बन्धी सोच नै छैन ।

यसको निम्ति हामी आफै सचेतभई आ-आफ्नो भ्नय (अहम) तामा लुब्द्ध भई विभिन्न चिरामा बिभाजित भई बस्ने पार्टीको मानसिक्ताबाट माथि उठि सच्चा क्रान्तिकारीहरु पार्टी एकतामा जुटेर, देश विदेशमा छरिएर रहेका तमाम् देशभक्त स्वाभिमानी नेपाली जनसमुदायलाई एकजुत पारी सर्वहारा वर्गको नेतृत्वमा मजदुर, किसान लगायत देशका तमाम गरी खाने सोषित पिडित आम जनसमुदायको जनवादी अधिनायकत्वमा, नयां जनवादी क्रान्तिलाई सफल तुल्याई नेपालमा संघीय जनगणतन्त्र नेपाल स्थापना गरी, आततताई बृटिस साम्राज्यवादले हडपेको हाम्रो प्राण भन्दा प्यारो देश नेपालको सार्वभौमसत्ता भू-अखण्ड राष्ट्रको पूर्ववत विशाल नेपालको साध सीमा तत्वल्दै राष्ट्रिय स्वाधिनताको रक्षा गर्नु समस्त स्वाभिमानी नेपालीको राष्ट्रिय एवम् राजनैतिक दायित्व हो ।

# नौ जनालाई हत्या गर्ने कुख्यात अपराधीलाई मृत्युदण्ड

एजेन्सी । ट्विटर किलर' को नामबाट चिनिने जापानका कुख्यात हत्यारालाई मृत्युदण्ड दिइने भएको छ । जिल्ला अदालतले ३० वर्षीय टाकाहिरो सिराइसीलाई मृत्युदण्डको सजाय सुनाएको जापान टाइम्सले जनाएको छ ।
शिराइसीलाई अदालतले हत्या, अंगभंग र शवहरू अपार्टमेन्टमा भण्डारण गरेकोमा दोषी ठहर गरेको हो । उनीमाथि पीडितहरूलाई यौन दुर्व्यवहार समेत गरेको आरोप छ । उनले सामाजिक सञ्जालमा आत्महत्या गर्न इच्छा व्यक्त गर्ने नौ जनाको हत्या गरेका थिए। हत्या गरिएकामा आठ जना महिला र एक १५ वर्षीय बालक थिए ।

सन् २०१७ मा कनागावा प्रान्तको जामास्थित सिराइसीको अपार्टमेन्ट मा पुग्दा प्रहरीले शवहरू भण्डारण गरिएको अवस्थामा फेला पारेका थिए । बेपत्ता भएकी २३ वर्षीया महिलाको खोजी गर्दै जादा प्रहरीले उनको अपार्टमेन्टमा कुलरभित्र शवहरू राखिएको अवस्थामा फेला पारेको थियो ।

ती महिलाको शव पनि त्यही फेला परेको थियो ।

फैसला हुन अघि उनका वकिलले सजाय घटाउनुपर्ने माग राखेका थिए । उनका वकिलले पीडितहरूमा आत्महत्याका इच्छा भएको र आफैंले मार्न अनुमति दिएको दाबी गरेका थिए । तर, अभियोजकहरूले कुनै हालतमा उनको सजाय नघटाउने पक्षमा थिए ।

उनले आत्महत्याका इच्छा व्यक्त गर्ने पीडितहरूलाई ट्विटरमार्फत सम्पर्क गर्थे । उनले ट्विटरमा आफ्नो नाम 'ह्याङम्यान' राखेका थिए ।

त्यसपछि उनले मद्दत गर्ने वाचा गरी आफ्नो जामास्थित अपार्टमेन्टमा बोलाउने गरेको टाइम्सले जनाएको छ । त्यसैले, उनलाई ट्विटर किलर भनिएको हो ।
उनलाई कुन मिति र कहिले मृत्युदण्ड दिने भने खुलाइएको छैन ।

# जर्मनीमा अत्यावश्यक बाहेक अरु सबै सेवा बन्द गर्न आह्वान

काठमाडौं । जर्मनीमा अत्यावश्यक बाहेकका सबै पसल, विद्यालय लगायत बन्द गर्न आह्वान गरिएको छ । कोरोना भाइरसको सङ्क्रमण अत्यधिक बढेपछि चान्सलर एंगेला मर्केलले बुधबारदेखि अत्यावश्यक बाहेकका सबै पसल तथा कार्यालयहरू बन्द गर्न आह्वान गरेकी हुन् ।

अहिले घोषणा गरिएको यो प्रकार को आशिंक लकडाउन कम्तीमा जनवरी १० तारिखसम्म रहने र त्यसपछि अवस्था हेरेर निर्णय गरिने पनि उनले स्पष्ट पारिन् ।

युरोपकै सबैभन्दा ठूलो अर्थतन्त्र भएको मुलुकमा महामारी थप बढ्दै गएपछि त्यस क्षेत्रकै लागि चुनौती भएको छ ।

अर्थतन्त्रमा धेरै नकारात्मक असर परिरहेकाले कामदारहरूलाई घर बाटै काम गर्न पनि सरोकारवाला सबैलाई मर्केलले आग्रह गरेकी छन् । त्यसैगरी सार्वजनिक स्थलमा रक्सीको कारोबार गर्न पनि प्रतिबन्ध लगाइएको छ भने कपाल काट्ने ठाउं पनि बन्द गर्न भनिएको छ ।

आंशिक लकडाउनका बारेमा र त्यसको व्यवस्थापनका बारेमा चान्सलर मर्केलले आइतबार १६ राज्यका नेताहरूसाग छलफल गरेकी थिइन् ।
क्रिसमस, नयां वर्षलगायतका महत्वपूर्ण चाडपर्वहरू मनाउने बेला भएकाले पनि सङ्क्रमण थप फैलिन सक्नेतर्फ सरकारी अधिकारीहरूले चिन्ता व्यक्त गरेका छन् ।

उनीहरूले चाडपर्व मनाउनका लागि भीडभाड हुने, किनमेल बढ्ने, र माइलो गतिविधिहरू धेरै हुने भएकाले पनि तत्काल लकडाउनको आवश्यकता भएकोमा जोड दिएका छन् । 'देशमा कोरोना भाइरसको महामारीको अवस्था नियन्त्रण भन्दा बाहिर गइसकेको छ,' बाभारिया राज्यका प्रमुख मर्कुस सोएडरले भनिन् । चान्सलर मर्केलको आह्वानलाई आफूले आफ्नो राज्यमा पूर्ण रूपमा कार्यान्वयन गराउने अठोट लिएको उनले बताएकी छन् ।

जर्मनीमा यसअघि पनि धेरै नियन्त्रणका व्यवस्थाहरू लागू गरेकाले महामारी न्युनीकरण भएको थियो । तर अहिले फेरी अत्यधिक बढ्न थालेपछि सर्वत्र चासो र सक्रियता बढेको छ ।

सरकारी अधिकारीहरूले दिएको जानकारीअनुसार जर्मनीमा अहिले सम्म १३ लाख २० हजारभन्दा बढी सङ्क्रमित भएका छन् भने २२ हजार १७१ जनाको कोरोनाका कारण मृत्यु भएको छ ।

# परमाणु बैज्ञानिक मोहसिन फखरीजादेहको गोली हानी हत्या

काठमाडौं । इजरायल र निर्वासित विपक्षी समूहले रिमोटबाट नियन्त्रित बन्दुक प्रहार गरेर परमाणु बैज्ञानिक मोहसिन फखरीजादेहलाई हत्या गरेको इरानले जनाएको छ ।

इरानका परमाणु बैज्ञानिक मोहसिनको गत शुक्रबार राजधानी तेहरान नजिकैको अबसार्ड शहर मा गोली हानी हत्या भएको थियो । तेहरानमा मोहसिनको अन्त्येष्टि गरिएको छ ।

अन्त्येष्टिको क्रममा इरानका सुरक्षा प्रमुख अलि शामखानीले आक्रमणकारीले इलेक्ट्रोनिक उपकरण प्रयोग गरेको दाबी गरे । शामखानीले भने, 'उहांको सुरक्षाका लागि आवश्यक उपाय गरिएको थियो, तर दुश्मनहरुले बिल्कुलै नयां तरिका अपनाए । दुर्भाग्यवस हाम्रा दुश्मनहरु यसमा सफल भए । यो निकै जटिल मिसन थियो, किनभने यसमा इलेक्ट्रोनिक उपकरण प्रयोग गरिएको छ । घटनास्थलमा प्रत्यक्षदर्शी पनि कोही नरहेको उनले बताए ।

उनले यो हत्यामा यहुदी शासन र मोसादसाग़ै निर्वासित इरानी विपक्षी समूह मुजाहिदिन-ए खाल्क (एमकेओ) संलग्न रहेको उनले बताए ।



हालै फार्स न्युज एजेन्सीले रिमोट कन्ट्रोलबाट नियन्त्रित गनको प्रयोगबाट परमाणु बैज्ञानिक मोहसिनको हत्या गरिएको समाचार सार्वजनिक गरेको थियो ।

शुरुमा इरानी रक्षा मन्त्रालयले मोहसिनको कारलाई केही बन्दुक धारीले निशाना बनाएको र त्यही क्रममा गोली हानेर हत्या गरेको जानकारी दिएको थियो । इजरायलले इरानको यो दाबीमा कुनै टिप्पणी गरेन । सन् २००० को दशकको शुरुआतमा मोहसिन फखरीजादेहले इरानको परमाणु कार्यक्रममा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । इरानले परमाणु बैज्ञानिक मोहसिनको हत्याको बदला लिने चेतावनी समेत दिएको छ ।

## अर्थ समाचार

# पेट्रोलियम पदार्थको मूल्य बढ्यो

काठमाडौं । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । पेट्रोलमा एक रुपैयां र डिजेल तथा मटितेलमा दुई रुपैयांले मूल्य बढेको निगमका प्रवक्ता बिनितमणि उपाध्ययले जानकारी दिए ।

नयां मूल्यअनुसार पेट्रोलको खुद्रा बिक्री मूल्य १०८ रुपैयां पुगेको छ भने डिजेल तथा मटितेलको मूल्य ९१ रुपैयां प्रतिलिटर कायम भएको निगमले जानाएको छ। डिसेम्बर एकमा आईओसीबाट प्राप्त नयां मूल्य सूचीअनुसार इन्धनको भा बढेर प्राप्त भएको कारण स्वचालित मूल्य कार्यान्वयन कार्यविधिअनुसार मूल्य समायोजन गरिएको निगमको दाबी छ ।

# बाणिज्य बैंकहरुले गत आर्थिक वर्षको नाफाबाट सेयर लगानीकर्तालाई लाभांश दिने घोषणा

काठमाण्डौं । बाणिज्य बैंकहरूले गत आर्थिक वर्षको नाफाबाट सेयर लगानीकर्तालाई दिने लाभांश घोषणा गरिरहेका छन् ।

नेपाल स्टक एक्स्चेन्जका अनुसार हालसम्म लाभांश घोषणा गर्ने वाणिज्य बैंकहरू १६ वटा पुगेका छन् । प्रत्येक बैंकका सञ्चालक समितिहरूले हरेक वर्षको नाफाबाट सेयर लगानीकर्तालाई लाभांश घोषणा गर्छन् । घोषित लाभांश वितरणको अनुमति नियामक राष्ट्र बैंकले दिनुपर्छ ।

राष्ट्र बैंकको अनुमति र साधारणसभाबाट समेत पारित भएपछि मात्रै सेयर लगानीकर्ताले लाभांश पाउाछन् । अहिलेसम्म घोषितमध्ये एनआइसी एसिया र हिमालयनले सबभन्दा धेरै, २० प्रतिशत लाभांश घोषणा गरेका छन् ।

लाभांश घोषणा गरेकामध्ये सानिमा, बिओके, एनआइसी एसिया बैंकले साधारणसभामार्फत अनुमोदन समेत गरिसकेका छन् । केही बैंकले साधारणसभाको मिति तोकेका छन् । यस वर्ष कोरोनाका कारण सेयर धनीलाई भर्चुअल माध्यमबाट सहभागी गराई साधारणसभा गर्ने तयारी बैंकहरूको छ ।

सानिमा बैंकका सिइओ तथा बैंकर्स एसोसिएसनका अध्यक्ष भुवनकुमार दाहालले यस पटक वार्षिक साधारणसभा फिजिकल र भर्चुअल दुवै तरिका 'मिक्स' गरेर गरिएको जानकारी दिए । '२५ जना मात्रै सहभागी गरायौं । अरू इच्छुकलाई भर्चुअल्ली उपस्थित गरायौं,' दाहालले भने ।

**के हो लाभांश, कसरी पाइन्छ ?**
बैंकहरूले दिने लाभांश दुई किसिमका हुन्छन् । एउटा नगद लाभांश र अर्को सेयर बोनस । घोषित नगद लाभांश लगानीकर्ताको बैंक खातामा र सेयर बोनस डिम्याट खातामा जम्मा हुन्छ ।

बैंकको सञ्चालक समितिले लाभांश घोषणा गरिसकेपछि साधारण सभा बस्नुअघि बुक क्लोजको मिति घोषणा गर्छन् । बुक क्लोजको मितिसम्म सेयर भएका सेयरधनीले लाभांश पाउंछन् ।

बुक क्लोजपछि बोनस सेयर दिइएको खण्डमा मूल्य समायोजन गरिन्छ, अर्थात बोनस संख्याका आधारमा अघिल्लो दिन कारोबार बन्द हुंदा कायम भएको मूल्य विशेष सूत्रबाट घटाइन्छ ।

**यसलाई यसरी बुझौं**
मानौं, तपाईंसंग ए बैंकको १५० कित्ता सेयर छ । सो बैंकले गत आर्थिक वर्षको नाफाबाट लगानीकर्तालाई करसहित चुक्ता पुंजीको १० प्रतिशत नगद र १० प्रतिशत बोनस सेयर वितरण गर्ने घोषणा गरेको छ ।
यस्तोमा अब तपाईंलाई करसहित १५०० रुपैयाा (१५० अंकित मूल्य १०० को १० प्रतिशत) नगद प्राप्त हुन्छ । त्यस्तै १५ कित्ता सेयर (१५० को १० प्रतिशत) बोनस सेयर प्राप्त हुन्छ ।
सो कम्पनीको अघिल्लो दिनको मूल्य प्रतिकित्ता ३ सय रूपैयां छ भने बुक क्लोजपछि मूल्य समायोजन हुंदा २७२ रुपैयाा (३००र १०.१०) कायम हुन्छ ।
दुवै लाभांशमा ५ प्रतिशत कर तिर्नुपर्छ । नगद लाभांशका हकमा पुाजीगत लाभकर कटौतीपछि बैंक खातामा जम्मा हुन्छ । बोनस सेयर को हकमा प्रायः कम्पनीले नै कर व्यवस्था गरेका हुन्छन् ।
नगरेको खण्डमा पाएको बोनस सेयर संख्यालाई अंकित मूल्य १ सयले गुणा गरी त्यसैको ५ प्रतिशत रकम सम्बद्ध बैंक खातामा जम्मा गरिदिनुपर्छ । सो कर तिरेपछि मात्रै डिम्याट खातामा बोनस सेयर थपिने छ ।

# ललिता जग्गा प्रकरणमा अख्तियार पूर्वआयुक्त दीप बस्न्यात पूर्वक्ष थुनामा

काठमाण्डौ। ललिता निवासको जग्गा व्यक्तिको नाममा दर्ता गरेर भ्रष्टाचार गरेको मुद्दामा अख्तियार भएकाले थुनामा पठाउने आदेश दिएको छ। माघ २२ गते मुद्दा दायर गरेको थियो।



दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त दीप बस्न्यात पुर्पक्षका लागि थुनामा गएका छन्।

विशेष अदालतले हाजिर भएका उनलाई थुनामा पठाउने आदेश भएको विशेष अदालतका उपर जिस्ट्रार पुष्पराज पाण्डेयले जानकारी दिए। विशेष अदालतका अध्यक्ष न्यायाधीश प्रेमराज कार्की, न्यायाधीशद्वय अब्दुल अजिज मुसलमान र नित्यानन्द पाण्डेयको इलजासले बस्नेत आरोपित देखिने उनलाई डिल्लीबजार कारागार चलान गरिएको छ।

बस्न्यात अख्तियारको आयुक्त हुनुअघि तत्कालिन समयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सचिव थिए। त्यही बेला उनले ललिता निवाससम्बन्धी फाइलको टिप्पणी उठाउने, सही गर्ने काम गरेका थिए।

उनीविरुद्ध अख्तियारले ९ करोड ६५ लाख रुपैयां बिगो माग गरी २०७६ ललिता निवास प्रकरणमा अख्तियार ले बस्नेतसहित १ सय ७५ जना विरुद्ध मुद्दा दायर गरेको थियो, जसमध्ये ११० जनालाई भ्रष्टाचार को कसुरमा र ६५ जनालाई जग्गा जफत गर्ने प्रयोजनका लागि प्रतिवादी बनाइएको छ। उपर जिस्ट्रार पुष्पराज पाण्डेयका अनुसार यो मुद्दामा हालसम्म उनीहरूमध्ये ९७ जना बयानका लागि अदालतमा उपस्थित भइसकेका छन्। विशेषले पुर्पक्षका लागि थुनामा पठाएका बस्नेत दोस्रो अभियुक्त हुन्।

# पूर्वमन्त्री आफताब आलमका भाइ महताब आलम पुर्पक्षको लागि कारागार चलान

रौतहट। राजपुर बमकाण्डको आरोपमा थुनामा रहेका नेपाली कांग्रेसका नेता पूर्वमन्त्री आफताब आलमका भाइ महताब आलम आइतबार पुर्पक्षको लागि कारागार चलान भएका छन्।
२०६४ चैत २७ गते राजपुरमा र हेको शेख इद्रिसको घरगोठमा भएको बम विस्फोट परी घाइते त्रिलोकप्रताप सिंह र ओशी अख्तर लगायतकालाई इाटा भट्टामा जिउदै जलाएको आरोप लागेका उनलाई जिल्ला न्यायाधीश मणिराम न्यौपानेको इजलासले थुनामा पठाउने आदेश दिएको हो।
उनीमाथि कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र बम विस्फोट सम्बन्धी गरी तीनवटा कसूरमा सजाय माग गरिएको थियो। आलममाथि लगाइएका तीन मुद्दामा आइतबार नै थुनछेक बहस थियो।
तत्काल प्रापत प्रमाणका आधारमा महताब आलम बेकसुर हुन भन्ने नदेखिएको हुनाले मुलकी फौज दारी कार्यविधि संहिता दफा ६७ बमोजिम पुर्पक्षका लागि कारागार पठाउन आदेश भएको हो। अदालतको आदेशअनुसार महताब लाई जिल्ला कारागार रौतहट चलान गरिएको छ। २०६४ चैत २७ गते राजपुरमा भएको बम विष्फोटमा परेका त्रिलोक प्रताप सिंह र ओशी अख्तरसहित अन्य घाइतेहरुलाई जिउदै ईटा भट्टामा पोलेको आरोपमा सांसद आफताब आलमलाई प्रहरीले २०७६ असोज १९ गते पक्राउ गरेको थियो।



## स्वास्थ्य समाचार

# अनुहारको पोतो हटाउने तरिका

काठमाण्डौ। पुदीनामा हुने एन्टी ब्याक्टेरियल गुणले अनुहारमा एक्नी पैदा गर्ने ब्याक्टेरियासाग लड्न मद्दत गर्छ। जसले अनुहारमा हुने दागधब्बा समेत हटाउछ। शरीर का भित्रि अंगहरुलाई मात्र होइन बाहिरी सुन्दरता पनि बढाउछ। साथै, यसको सुगन्धले मानिसहरु लाई आर्कषित पनि गर्छ।

**कपाल झर्न रोक्छ**

पुदीनाको पातमा एन्टी अक्सिडेन्टको मात्रा प्रयाप्त पाइन्छ। यो कपाल वृद्धि गर्ने प्रमुख स्रोत हो। पुदीनाका पातले कपाल झर्न समेत रोक्छ। यसका लागि पुदीनाको पातहरुलाई पानीमा उमाल्ने र उक्त पानीलाई चिसो बनाउने र कपालको जरामा लगाउने र केही मिनेटपछि कपालको जरामा मसाज गर्ने त्यसपछि १० देखि १५ मिनेटमा पखाल्ने गर्दा कपाल झर्ने समस्या कम हुन्छ।

**चाउरी कम गर्न**

पुदीनाले अनुहारको चाउरी कम गर्छ। पानीमा पुदीनाको पात हालेर उमाल्ने र त्यसलाई छानेर स्प्रे बोतलमा राख्ने र अनुहारमा दिनमा २ वा ३ पटक चर्किने। जसले अनुहारको चाउरीपना हटाउछ।

**पाचन प्रक्रिया बलियो बनाउन**

यदि खुर्सानी, मसाला र धेरै खाना खाएपछि पुदीनाको पात खाने गर्नुस् जसले खाना सजिल्यै पचाउछ। छाती पोल्ने वा पेटमा जलन हुने समस्याबाट छुटकारा पाउन पुदीनाको पात निकै फाइदाजनक छ।

**सुगन्ध बढाउन**

पुदीनाले खानाको सुगन्ध बढाउंछ। यसका साथै, पाकेका खानाहरुलाई सजाउन पनि यसको प्रयोग हुन्छ।

# कोरोना भ्याक्सिन आफूर्ति गर्न सचिवस्तरको समिति गठन

काठमाण्डौ। सरकारले कोरोना सम्बन्धी भ्याक्सिन समयमै आपूर्ति गर्न सचिवस्तरको समिति गठन गरेको छ। अर्थ, स्वास्थ्य तथा जनसंख्या र परराष्ट्र सचिव रहेको तीन सदस्यीय समिति गठन भएको हो। यो समितिले कोरोनाविरुद्ध खोपबारे अध्ययन गरी नेपाल ल्याउने प्रक्रिया बारे पनि तयारी गर्नेछ।

मन्त्रिपरिषद बैठकले उक्त समिति गठन गरेको एक मन्त्रीले बताएका छन्। यो समितिलाई कोरोनाको भ्याक्सिन कहां बनेको छ खोज्ने र छिटो माध्यमबाट कसरी नेपाल ल्याउन सकिन्छ भन्ने प्रक्रियासमेत मिलाउने गरी जिम्मेवारी दिइएको छ,' ती मन्त्रीले भने। खोप समयमै ल्याउन स्रोत व्यवस्थापन अर्थ मन्त्रालयले गर्ने पनि सरकारको भनाइ छ।




मन्त्रिपरिषद बैठकले प्रधानमन्त्रीसहित सबै मन्त्रीको चैतसम्मको आधा तलब कोरोना कोषमा जम्मा गर्ने निर्णय पनि भएको छ। सरकारले कोरोना परीक्षण र उपचार पनि निःशुल्क गर्ने भएको छ।

सर्वोच्चले सरकारलाई आदेश दिदै उपचार र परीक्षण निःशुल्क गर्न भनेको थियो। सरकारले गत कात्तिक २ देखि कोरोना परीक्षण र उपचार खर्च विपन्नबाहेक अरू आफैंले ब्यहोर्नुपर्ने निर्णय गरेपछि सरकारको आलोचना भएको थियो।

**सार्वजनिक ठाउँमा धुम्रपान नगरौं,**
**घरआँगन र वातावरणलाई सधैं सफा राखौं।**

# संसद अधिवेशन छलेर संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याउनु अलोकतान्त्रिक हो - शेरबहादुर देउवा



काठमाण्डौ । सरकारले ल्याएको संवैधानिक परिषद्सम्बन्धी अध्यादेश बारे आफ्नो प्रतिक्रिया सामाजिक सञ्जाल ट्वीटर मार्फत् दिंदै प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफ्नो पार्टीको प्रष्ट विमति रहेको बताएका छन् ।

सरकारले परिषद् अध्यक्ष (प्रधानमन्त्री) सहित बहाल रहेका बहुमत सदस्य उपस्थित भएमा बैठक बस्न सक्ने गरी अध्यादेश ल्याएको थियो । यसबाट सर्वसत्तावादी सोच प्रष्टिएको सभापति देउवाले बताएका छन् । उपसभामुख पद खाली राखेर, सभामुख जस्तो गरिमामय व्यक्तित्वलाई विश्वास मा नलिई कोरम पुगेन भन्नु हास्यास्पद छ' सभापतिले ट्वीट गर्दै भनेका छन्, 'संसद अधिवेशन छलेर संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याउनु अलोक तान्त्रिक भएको बताएका छन् ।

# तुरून्त अध्यादेश फिर्ता गरेर गल्ती सच्चाउन माधवकुमार नेपालको आग्रह

काठमाडौं । सरकारको सिफारिसमा राष्ट्रपतिले जारी गरेको संवैधानिक परिषद सम्बन्धी अध्यादेश बारे आफ्नो धारणा राख्ने क्रममा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले तुरुन्त अध्यादेश फिर्ता लिएर गल्ती सच्याउन प्रधानमन्त्री केपी शर्मा ओलीलाई आग्रह गरेका छन् ।

पार्टीको बैठकलाई छलेर प्रधानमन्त्री ओलीले चालेको कदम अत्यन्तै गलत भएको नेता नेपालको जिकिर छ ।

अध्यादेशबारे खरो जवाफ दिंदै वरिष्ठ नेता नेपालले 'उहां (ओली) ले जुन तरिकाबाट यो अध्यादेश ल्याउनुभएको छ, भोलि बैठक छ, त्यसलाई छलेर कुनै सरसल्लाह नगरिकन जुन हिसाबले उहां चल्न



खोज्नुभएको छ, यो अत्यन्तै बेठीक तरिका हो ।

प्रधानमन्त्री ओलीले पार्टीलाई पनि विश्वासमा नलिएको र प्रतिपक्षको पनि विश्वास गुमाएको वरिष्ठ नेता नेपालले बताए । 'छलफल गरेर टुंगो लगाउनुपर्ने विषयमा उहाा जसरी एकलौटी रुपमा जाादै हुनुहुन्छ, यो अत्यन्तै गलत कुरा हो' नेपालले भने, 'उहांले तुरुन्तै अध्यादेश फिर्ता लिनुपर्छ । र, यस्तो तरिका फेरि दोहोरिन हुंदैन ।

प्रधानमन्त्रीले चालेको कमदका बारेमा बुधबार बस्ने स्थायी कमिटीको बैठकमा जोडदार कुरा उठ्ने पनि नेता नेपालले बताए । उनले भने, 'भोलि बैठक बस्छ । त्यहाा यस विषयमा जोडदार छलफल हुन्छ ।

# अध्यादेशमार्फत् गणतन्त्रको चिरहरण भयो



## पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई

काठमाडौं । सरकारले ल्याएको अध्यादेशबारे बोल्ने क्रममा पूर्वप्रधानमन्त्री तथा जनता समाजवादी पार्टी (जसपा) का संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराईले सरकारले अध्यादेशमार्फत गणतन्त्रको चीरहरण गर्न लागेको आशंका व्यक्त गरेका छन् ।

साथै पूर्वप्रधानमन्त्री भट्टराई ले तत्काल संसद अधिवेशन बोलाउन समेत माग गरेका छन् ।

# संवैधानिक परिषद् सम्बन्धी अध्यादेशले मुलुकलाई स्वच्छेचारितातर्फ धकल्ने -उपेन्द्र यादव

काठमाण्डौ । सरकारले ल्याएको अध्यादेशबारे बोल्दै जसपाका अध्यक्ष एवं पूर्व उपप्रधानमन्त्री उपेन्द्र यादवले भनेका छन्, संवैधानिक परिषद् सम्बन्धी अध्यादेशले मुलुकलाई स्वच्छेचारितातर्फ धकल्ने बताएका छन् । सरकारको यो निर्णयले विधि र प्रक्रियामा अनुसार चल्नुपर्नेमा मुलुकलाई स्वच्छेचारितातर्फ डो¥याएको छ । राष्ट्रिय आवश्यकता को आधारमा मात्रै अध्यादेश ल्याउनु पर्ने अध्यक्ष यादवको भनाइ छ । 'अध्यादेश राष्ट्रिय दलहरूको सहमतिको आधार मा ल्याउनु पर्ने हो, राष्ट्रपति कार्यालयले त्यसलाई औपचारिकता मात्रै दिने हो,' उनी भन्छन्, 'राष्ट्रपतिज्यूले पनि मुलुकको राष्ट्रपति भएर सोच्नु पर्दछ ।'



व्यवस्थापिकामार्फत गर्नुपर्ने सार्वभौम सत्ताको अभ्यास कार्यपालिका मार्फत गर्न नहुनेमा उनको जोड छ ।

## कृषि समाचार

# उखु किसानको पैसा भुक्तानी नदिने उद्योगीलाई पक्रन आदेश

काठमाण्डौ । उखु किसानले आफूले उखुको भुक्तानी नपाएको भनि विभिन्न जिल्लाबाट काठमाण्डौ आएर विरोध र धर्ना दिएपछि आज सरकारले उखु किसानको पैसा भुक्तानी नदिने चिनी उद्योगीलाई पक्राउ गर्ने निर्णय गरेको छ । गृह मन्त्रालयमा बसेको बैठकले पैसा नदिने व्यापारीलाई पक्राउ गर्ने निर्णय गरेको हो ।

गृहमन्त्री रामबहादुर थापाको अध्यक्षतामा कृषि मन्त्री घनश्याम भुसाल, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्ट र संघीय मामिला तथा स्थानीय विकास मन्त्री हृदयश त्रिपाठी सहितको बैठक बसेको थियो ।

बैठकमा सम्बन्धित मन्त्रालयका सचिव र नेपाल प्रहरीका एक एआइजी पनि सहभागी थिए । 'बैठकले किसानको रकम उपलब्ध नगराउने व्यापारीलाई पक्राउ गर्ने निर्णय भएको छ,' गृह स्रोतले बताएको छ ।

# बजारमा दैनिक उपभोग्य वस्तु किनिसक्नु छैन

काठमाण्डौ । कोरोना भाइरसका कारण चैतबाट गरिएको लकडाउनपछि खाद्यान्नको आयात ह्वात्तै बढेको छ । भन्सार विभागको अनुसार अघिल्लो पटकको चैत,कात्तिक अवधिमा २७ अर्ब ४४ करोड रुपैयााको खाद्यान्न आयात भएको थियो । तर, गत चैतदेखि कात्तिकसम्म ४४ अर्ब ९० करोडको खाद्यान्न आयात भएको छ । यो अघिल्लो वर्षको यस्तै अवधिको भन्दा १७ अर्ब ४६ करोडले बढी हो ।

भन्सार विभागका महानिर्देशक सुमन दाहालका अनुसार गत चैतदेखि कात्तिकसम्म चामलको आयात अघिल्लो पटकको यस्तै अवधिको तुलनामा ४६ प्रतिशतले बढेर १७ अर्ब ३० करोडको आयात भएको छ ।

२०७६ चैतदेखि २०७७ कात्तिकसम्मको अवधिमा चिनीको आयात १८ गुणा बढेको छ । यो अवधिमा चिनी मात्रै ६ अर्ब १४ करोड रुपैयांको आयात भएको छ । गहुंको करिब डेढ गुणा अर्थात् ११४ प्रतिशतले बढेर ९ अर्ब १४ करोड, दाल तथा गेडागुडीको ५५ प्रतिशतले बढेर १४ अर्ब



२२ करोड, धानको १३३ प्रतिशतले बढेर ६ अर्ब ९२ करोड, तोरीररायोको आयात ७० प्रतिशत बढेर ७ अर्ब ८५ करोडको आयात भएको छ ।

भटमासको पिनाको आयात ७३ प्रतिशतले बढेर ७ अर्ब १५ करोड आलुको २५ प्रतिशतले बढेर ५ अर्ब १८ करोड, कनिकाको १९० प्रतिशतले बढेर १ अर्ब ५६ करोड, किटनाशक औषधिको ६३ प्रतिशतले बढेर २ अर्ब ६४ करोड, जीराको ५४ प्रतिशतले बढेर २ अर्ब २२ करोड, खुर्सानीको ७१ प्रतिशतले बढेर १ अर्ब २४ करोड, नुहाउने साबुनको आयात ५३ प्रतिशतले बढेर ९५ करोड रुपैयाा बराबरको भित्रिएको छ ।

त्यस्तै, बेसारको आयात १३९ प्रतिशतले बढेर ४४ करोडको भित्रिएको छ । फापररकोदोको आयात ६३ प्रतिशतले बढेर ४८ करोड, ओखरको आयात ५५ प्रतिशतले बढेर ५२ करोड, बदामको ४९ प्रतिशतले बढेर ५२ करोड, फुड सप्लिमेन्टको ९५ प्रतिशतले बढेर ३२ करोडको, कागतीको ३९ प्रतिशतले बढेर ५८ करोड, काजुको २३ प्रतिशतले बढेर ८४ करोड, नमकिनरभुजियाको ३६ प्रतिशतले बढेर ६० करोड , सुकाएको लसुनको ६२ प्रतिशतले बढेर ४० करोड, स्याम्पुको २४ प्रतिशतले बढेर ७० करोड र सुकमेलको आयात १९ प्रतिशतले वृद्धि भएर ७० करोड पुगेको छ ।

चैतदेखि कात्तिकसम्मको अवधिमा च्वयनप्रासरत्रिफलाको आयात २२३ प्रतिशतले बढेर १५ करोड,र मिश्रित मसलाको आयात २८ प्रतिशतले बढेर ४७ करोड रुयैयााको आयात भएको छ ।

# सुकुमबासीले जग्गा दर्ता गर्दा मुल्यमा दोब्बर दस्तुर नलाग्ने

काठमाडौं । सरकारले सुकुमबासी जग्गा दर्ता गर्दा सम्बन्धित मूल्यमा दोब्बरसम्म दस्तुर लिने तयारी गरेको छ । भूमि सम्बन्धी समस्या समाधान आयोगले अव्यवस्थित जग्गा दर्ता गर्दा मूल्यको २०० प्रतिशतसम्म कर लिन लागेको हो ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गत भदौमा मन्त्रिपरिषदमा पेस गरेको भूमि नियमावलीमा अव्यवस्थित बसोबासीलाई रकम लिएर जग्गा दिने उल्लेख छ । नियमावलीमा अव्यवस्थित बसोबासीलाई आठ प्रकारमा विभाजन गरिएको छ । 'मालपोत मूल्यको ८ प्रतिशतदेखि २०० प्रतिशतसम्म रकम लिएर जग्गा बाँड्ने व्यवस्था गर्न लागेका हौं' भूमि आयोगका एक सदस्य भन्छन्, 'दोब्बर मूल्य तिरेर नलिने वा लिन नसक्नेको जग्गा सरकार को नाममा ल्याउंछौं ।'

बाहिर भएको जमिन, सरकारी जागिर, वैदेशिक रोजगारी, वार्षिक आम्दानी, व्यावसाय, खेतीकिसानी, घरको संरचना आदि हेरेर जग्गा दर्ताको रकम तय गरिने ती सदस्यले जानकारी दिए । उदाहरणका लागि एकै ठाउंको जग्गामा पक्की घर छ भने यसको ८ नम्बर जोडिन्छ । जग्गा उस्तै भए पनि घर पक्की भएका कारणले उसले बुझाउनु पर्ने राजस्व बढी हुन्छ ।

**लगत लिदै आयोग**

२०७६ चैतमा देवी ज्ञवालीको अध्यक्षतामा गठित भूमि आयोगले स्थानीय तहहरूसंग मिलेर लगत संकलन गरिरहेको छ । आयोगले १५६ वटा पालिकासाग कार्यसम्झौता गरिसकेको छ ।

लुम्बिनी प्रदेशका २४, गण्डकीका ३६, प्रदेश १ का २८, प्रदेश २ का २२ र बागमती प्रदेशका ३२ वटा पालिकासंग कार्यसम्झौता गरेको हो । सातै प्रदेशका दुई दुई वटा पालिकामा भने गत कात्तिकमै सम्झौता गरेर काम सुरू भइसकेको आयोगले जानकारी दिएको छ ।

३० मंसिरमा कर्णालीका १८ र २ पुसमा धनगढीका १४ वटा पालिकासंग सम्झौता गर्ने आयोगको तयारी छ । आयोगले १४ लाख परिवार भूमिहीन रहेको प्रारम्भिक अनुमान गरेको छ ।

# बिश्वकै ठूलो त्रिशुल स्थापना

भक्तपुर । भक्तपुरको चांगुनारायण नगरपालिका-५ त्रिशुलडांडामा विश्वकै अग्लो त्रिशुल स्थापना भएको छ ।
महांकाल त्रिशुलडांडा उपभोक्ता विकास समितिले महांकाल त्रिशुलडांडा परिसरमा आयोजना गरेको कार्यक्रममा नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले निर्माणाधीन त्रिशुलको शिलान्यास गरे ।
उनले संविधानले नै हिन्दू धर्मलाई संरक्षण गरेको भन्दै संविधानको विपरीत जानुपर्ने कुनै कारण नभएको बताए । उनले हिन्दू धर्मलाई जोडेर राजाका नारा लगाउनु व्यर्थ भएको भनाइ राखेका थिए ।
त्रिशुलडांडामा कूल चार करोड ४२ लाख ११ हजार ९१३ रूपैयांको लागतमा १२१ फिट अग्लो त्रिशुल र ५५ फिट अग्लो गुरु गोरखनाथ मन्दिर स्थापना हुने भएको छ । करिब नौ महिनामा त्रिशुल निर्माण सम्पन्न गरिने लक्ष्य राखेको छ । (रासस)

# बालुवाटारमा तीन सदस्यीय संबैधानिक परिषद्को बैठक

काठमाण्डौ । सरकारको सिफारिसमा राष्ट्रपतिले संवैधानिक परिषद्को बैठकमा ३ जना सहभागी हुने अध्यादेश जारी संगै प्रधानमन्त्री निवास बालुवाटारमा संवैधानिक परिषदको बैठक बसेको छ ।

बैठकमा परिषद् अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली र सदस्यहरु राष्ट्रियसभा अध्यक्ष गणेश तिमिल्सिना र प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा उपस्थित छन् ।

परिषद्मा हाल बहाल रहेका अन्य सदस्य सभामुख अग्निप्रसाद सापकोटा र प्रमुख विपक्षी दलका नेता शेरबहादुर देउवा भने अनुपस्थित छन् । भने उपसभामुख पद हाली नै रहेको छ । जारी भएको संवैधानिक परिषदसम्बन्धी अध्यादेशअनुसार प्रधानमन्त्रीसहित ३ जना सदस्य उपस्थित भएमा परिषदको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ । र ३ जना सहमत भएमा निर्णय पनि गर्न सक्नेछ । विभिन्न संवैधानिक निकायमा गरी रिक्त ४५ सदस्य नियुक्तिका लागि परिषद बैठक बसेको हो ।

# ३८ तोला सुनसहित ५ जना पक्राउ

काठामण्डौ । ३८ तोला सुनको गहना चोरेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । काभ्रेपलाञ्चोकको पांचखाल नगर पालिका- २ की माइली तामाङको घरबाट गहना चोरेर फरार भएका काभ्रेका ५ युवालाई पक्राउ गरेको महानगरीय प्रहरी परिसर काठमाडौं ले जनाएको छ ।

पक्राउ पर्नेमा ओखलढुंगाको सिद्धिचरण नगरपालिका-५ का २७ वर्षका देवराज दाहाल, सिन्धुपाल्चोकको मेलम्ची नगर पालिका-११ का २४ वर्षका रामचन्द्र चालिसे, काभ्रेको धुलिखेल नगर पालिका-१ का २३ वर्षका राम तामाङ, धुलिखेल-७ का १८ वर्षका हुइबहादुर तामाङ र धुलिखेल- १ का १८ वर्षका राजन तामाङ रहेका छन् ।
माइली तामाङको घरबाट गहना र पैसा हराएपछि प्रहरीले खोजी गर्दा उक्त टोलीलाई काठमाडौंको डागन डिस्कोमा फेला पारेको थियो । उनीहरुमाथि थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय काभ्रे पठाइएको महानगरीय प्रहरी परसर काठमाडौंले जानकारी दिएको छ । प्रहरीले उक्त घटनाको मुख्य योजनाकार राजन तामाङ रहेको बताएको छ । प्रहरीले ओखलढुंगाका देवराज दाहालबाट२३७ ग्राम र रामचन्द्र चालिसेको साथबाट २१० ग्राम सुनका गहना बरामद गरेको प्रहरीले बताएको छ ।

# एटीएम बुंद तोडफोड गर्ने पक्राउ

काठमाडौं । दरबारमार्गस्थित नेपाल इन्भेस्टमेन्ट बैंकको एटिएम तोडफोड गर्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा खोटाङ घर भई चुनिखेल बस्ने ४० वर्षीय आनन्द तामाङलाई रहेको महानगरीय प्रहरी वृत्त दरबारमार्गका डिएसपी रामेश्वर पौडेलले जानकारी दिए । उनलाई शनिबार दिउसो पक्राउ गरिएको हो । उनी मानसिक बिरामी रहेको अनुमान प्रहरीको छ । 'पक्राउपश्चात उनलाई पाटन मानसिक अस्पतालमा लगिएको छ', उनले भने,'उनका दिदी भिनाजूले नै उनी मानसिक रोगी बताए पछि उहांहरूकै रहोवरमा त्यता पठाएका हौं ।' तोडफोडबाट बुथको सिसा फुटेको छ । यद्यपि त्यहां भएको क्षतिको उनका दिदी भिनाजूले व्यहोर्ने सहमति भएको छ ।

स्वास्थ्य नै ठूलो धन हो
कोभिड-१९ को संक्रमणबाट आफू बचौं
अरुलाई पनि बचाऔं।
सत्य, तथ्य खबर र यथार्थ सूचना प्रवाह गरौं ।

## शिक्षा समाचार

# ४६औं दिक्षान्त समारोहमा ८३ जना बिद्यार्थीले मात्र सहभागी हुन पाउने

काठमाडौं । त्रिभुवन विश्वविद्यालयको ४६औं दीक्षान्त समारोहमा सहभागी हुन फारम भरेकाहरुले यस वर्षको दीक्षान्त समारोहमा सहभागी हुन नपाउने भएका छन् ।

त्रिविले पीएचडी, एमफिल उतीर्ण र पदक पाउने विद्यार्थीको मात्र सहभागितामा दीक्षान्त समारोह गर्ने भएको छ । त्रिविका परीक्षा नियन्त्रक पुष्पराज जोशीले यस वर्षको दीक्षान्त समारोहमा ८३ जना विद्यार्थी मात्र सहभागी हुने बताए ।



त्रिविले पुस ६ गते बल्खुस्थित परीक्षा नियन्त्रण कार्यालय हातामा नै दीक्षान्त समारोह गर्नेछ । दीक्षान्त समारोहको प्रमुख अतिथि पूर्व राष्ट्रपति डा. रामवरण यादव रहनेछन् ।

'पीएचडी, एमफिल र गोल्डमेडलिस्टले मात्र सहभागी हुन पाउंछन्' परीक्षा नियन्त्रक जोशीले भने । दीक्षान्त समारोहमा सहभागी हुन फारम भर्ने अरु विद्यार्थीले भने प्रमाणपत्रको बाहेक अन्य शुल्क फिर्ता पाउने जोशीले बताए ।

कोरोना भाइरसको महामारीका कारण धेरै मानिस सहभागी गराएर कार्यक्रम गर्न नमिल्ने हुनाले फारम भरिसकेका विद्यार्थीलाई पनि सहभागी गराउन नसकिएको त्रिविको भनाइ छ ।

यस वर्ष दीक्षान्त समारोहमा सहभागी हुन ७०८७ जनाले फारम भरेका थिए । तर पीएचडी उपाधि हासिल गरेका ४१, एमफिल उपाधि हासिल गरेका २५ र अरु पदक तथा पुरस्कार पाउनेको संख्या जोड्दा नै ३१६ पुग्छ । तीमध्ये ८३ जनालाई मात्र दीक्षान्त समारोहको औपचारिक कायक्रममा बोलाइएको हो । त्रिविले दीक्षान्त समारोहमा सहभागी हुन चाहनेले अनलाइन माध्यमबाट फारम भर्ने व्यवस्था मिलाएको थियो ।

# कोभिडका कारण छुटेका कक्षा १२ का बिद्यार्थीले परिक्षा दिन पाउने

काठमाडौं । राष्ट्रिय परीक्षा बोर्डले नोवेल कोरोना भाइरस (कोभिड-१९) संक्रमित भएर कक्षा १२ को परीक्षा छुटेका विद्यार्थीको विवरण संकलन गर्न लागेको छ ।

२४ कात्तिकदेखि १६ मंसिरभित्र कोरोना लागेका विद्यार्थीले छुटेको परीक्षा दिन पाउने बोर्डका सदस्य सचिव दुर्गाप्रसाद अर्यालले जानकारी दिए । त्यसका लागि नेपाल सरकारबाट मान्यता प्राप्त प्रयोगशालाबाट लिइएको कोभिड-१९ पोजेटीभ रिर्पाट देखाउनु पर्ने अर्याल बताउंछन् ।

विद्यार्थीहरूले २६ मंसिरभित्र सम्बन्धित विद्यालयमा पोजेटीभ रिर्पाट सहित आफ्नो विवरण बुझाउनु पर्नेछ । विद्यालयले मंसिर मसान्त भित्र बोर्डमा पठाइसक्नु पर्नेछ । बोर्डले ९-१६ मंसिरमा भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गरेको थियो ।

स्वास्थ्य नै ठूलो धन हो
कोभिड-१९ को संक्रमणबाट आफू बचौं
अरुलाई पनि बचाऔं।
सत्य, तथ्य खबर र यथार्थ सूचना प्रवाह गरौं ।

# कविता

*तिलकुमारी शर्मा (बस्याल)*



## तिमिलाई रुवाउने धोको छैन

*हो देश तिमी छौ रे भनेर म क्षितिजमा नाचिरहेकी थिए।*
*देशकी परी बनेर जिवित हासो हासीरहेकी थिए।*

*सुनेकी थिए तिमी बेचिएकी छौ रे।*
*खोलानाला पनि फेरीएका छन् रे।*

*हो तिम्रो अस्तित्व*
*पनि बेचेका रहेछन्।*
*राजनीतिका कीराहरुले देश बेचि रमाइरहेका छन्।*

*तिम्रो अस्तित्व मेरो पहिचान हो।*
*तिम्रो रुप मेरो जवानि हो।*

*तिम्रो अस्तित्व माथि परेड खेल्दा म रोइरहेछु।*
*तिम्रो अस्तित्वलाई जोगाउने साहित्य रोपिरहेछु।*

*हो साच्चै म नि◌ामा बर्बराइ रहेछु।*
*तिम्रो अस्तित्वको पहिचान खोजीरहेछु।*

*साहित्यमा म तिम्रो इतिहास रोपिरहेकी छु।*
*पुर्खाले आर्जेको भुमी खोजेरहेछु।*

*हो तिम्रो अस्तित्वलाई म कसरी जगेर्ना गरु रु*
*तिमी बेचिदा म कसरी हासीरहुँ रु*

*तिमीलाई रुवाउने मेरो धोको छैन।*
*तिम्रो अस्तित्वमा म लडिरहेकीछु।*

*हो म साहित्यिक योद्धा तिम्रो अस्तित्वमा लडिरहेछु।*
*क्षितिजमा म कहिल्यै नमर्ने इतिहास खोजीरहेछु।*

*तिम्रो सौन्दर्यको जवानीलाई बेचेर खादैछन।*
*अझैपनि तिमीमाथि परेड खेल्दै छन।*

*तिमीलाई बचाउने मेरो कसरत छ।*
*साहित्यमा कसिलो तिम्रो सौन्दर्य छ।*

*तिम्रो अस्तित्व मलाई साहै सौन्दर्य लाग्छ।*
*त्यहि अस्तित्वमा मैले आ□नो इतिहास कोरीरहेकीछु।*

*पुर्खाको उत्पादन तिमी, अस्तित्वमा बाचिरहेछौ।*
*खोलानाला, नदी, हिमाल, तराई र पहाडमा झल्किरहेछौ।*

*तिम्रो जवानी नेपाल र नेपालीको पहिचान हो।*
*तिम्रो सौन्दर्य र अस्तित्व हाम्रो गहना हो।*

*तिमी घट्दा हामी घटीरहेछौ।*
*तिम्रो अस्तित्व लुटिदा हामी रोइरहेछौ।*

*तिमीलाई संसारमा चिनाउने मेरो प्रयास।*
*गर्दैछु पुरानो भुमी फिर्ता गर्ने सहास।*

*संसारमा दौड्ने साहित्यिक परीबेश।*
*यसैमा रमेको छ मेरो देश।*

**पर्यटन समाचार**

# पर्यटनको प्रमुख गन्तव्य बन्दै पानीटार

ईलाम। तीन वर्षअघि ईलामस्थित देउमाई नगरपालिकाको पानी टारका बारेमा अधिकांश जिल्लावासी नै बेखबर थिए। चियाबारी भन्ने बित्तिकै कन्याम, श्रीअन्तु मात्र बुझिने भएकाले पानीटार गुमनाम थियो। केही पर्यटकले ईलाम चियाबारी र जस्वीरे घुम्ने गरे पनि पानीटारको नाम कहिल्यै आउादैनथ्यो।

स्थानीय तह र सम्बन्धित निकाय पर्यटनसम्बद्ध ले चासो नदिएकै कारण पानीटार ओझेलमा पर्यो तर अहिले पानीटारले पूरै काचुली फेरेको छ। स्थानीयवासी मात्र होइन, अन्तर जिल्लाको पर्यटकको पनि नयां गन्तव्य बनेको छ पानीटार। कतै अग्लो र कतै होचो तर मिलेको चियाबारी यहााको मुख्य आकर्षण हो।

अन्तु बिर्साउने चिसो र पर्यटक तान्ने वनभोजस्थल यहांको अर्को विशेषता हो। पर्यटक मात्र होइन, पानीटार मा अहिले चलचित्र खिच्ने र म्युजिक भिडियो बनाउने क्रम पनि शुरु भएको छ। इलाम सदरमुकामबाट करिब ३० किमीको दूरीमा पर्ने पानीटार पुग्न इलाम सदरमुकाम-बिब्ल्यांटे बजार-नेपालटार र गाग्रेभञ्ज्याङ पुगेर केही तलतिर झर्नुपर्छ।

सदरमुकामबाट गाग्रेभञ्ज्याङसम्म पक्की र गाग्रेभञ्ज्याङदेखि केही ओरोलो कच्ची बाटो हिंडेपछि पानीटार पुगिन्छ। यसका साथै झापाको विर्तामोड-शनिश्चरे हुंदै मङ्गलबारेको बाटो पनि पानीटार पुग्न सकिन्छ। पछिल्लो समय सदर मुकामको बाटोभन्दा झापाबाट आउने बाटो छोटो भएकाले बढी पर्यटक यही बाटो आउंछन्। यो बाटो झापाबाट ५३ किमी हिंड्दा नै मङ्गलबारे पुगिन्छ।

हिउंदमा मनोरञ्जनका लागि आउने गतिलो गन्तव्य पानीटार बनेको यहांका पर्यटन व्यवसायी पासाङ शेर्पा बताउाछन्। शेर्पाका अनुसार मिडियाको प्रचारले नै पानीटार पर्यटकीय क्षेत्र बनेको हो। ँकुनै निकायले यसको प्रचारका लागि चासो देखाएनन्। मिडियाको प्रचार ले नै अहिले पानीटार पर्यटकीय क्षेत्र बन्दैछ, शेर्पाले भने, ँआउादो साल माथिल्लो क्षेत्र गाग्रेभञ्ज्याङ बाट आउने कच्ची सडक पक्की भएपछि आवागमनका लागि झनै सहज हुन्छ।

पछिल्लो समय म्युजिक भिडियो र चलचित्रको छायाङ्कन गर्ने स्थल हो पानीटार। केही समयअघि मात्रै युट्युबमा सर्वाधिक रुचाइएको म्युजिक भिडियो 'तीनपाते' देखि प्रियङ्का कार्की र आयुष्मान देशराज जोशी अभिनित 'प्रेम दिवस' चलचित्रमा समेत पानीटारको सुन्दर चियाबारी राखिएको छ। प्राकृतिक छायाङ्कनस्थलका रूपमा विकास हुंदै गरेको यहाा आकर्षक चियाबारी र शान्त क्षेत्र भएकाले आफूहरू यस क्षेत्रमा सुटिङ गर्न आउने गरेको चलचित्र निर्देशक केवल तामाङ बताउंछन्। प्राकृतिक क्षेत्रको प्रचार अनि दर्शकको आंखा अड्याउने 'भर्जिन ल्याण्ड' भएकाले धेरै र जतपटकर्मी आउने गरेको तामाङ बताउंछन्।

हामीले चलचित्रका माध्यमबाट पर्यटकीय क्षेत्रको प्रचार गर्न सक्छौ, त्यसका लागि हामीलाई पनि नयां-नयाा 'डेस्टिनेशन' चाहिन्छ, तामाङले भने, यी सबै पक्ष पानीटार मा छ, यसैले अहिले पानीटार आएका हौा। तामाङ समेत चलचित्र कृष्णलीलाको छायाङ्कनका लागि पानीटार पुगेका छन्। चलचित्रको मुख्य छायाङ्कनस्थल पनि पानीटार नै हो तर निर्देशक तामाङ स्थानीय तहले यस्ता मुख्य गन्तव्यस्थललाई चासो नदिंदा सधै पछाडि पर्ने बताउंछन्।

हाम्रा जनप्रतिनिधिलाई चलचित्र पनि पर्यटकीयस्थलको प्रचार माध्यम हो भन्ने थाहै छैन, तामाङले भने, चलचित्रमा खिच्न आउन मन लाग्छ तर सबै लागत आफैले व्यहोर्नुपर्दा लागत बढ्छ। स्थानीय तहले केही हिस्सा व्यहोर्दा धेरै सहज हुन्थ्यो तर भएको छैन। हुन त इलाम आफै पनि पर्यटकीय क्षेत्रको अब्बल क्षेत्र हो।

श्रीअन्तु, कन्याम, माईपोखरीमा वर्षैभर पर्यटक घुम्छन्। यी क्षेत्रका बासिन्दाको कमाइखाने मेलो नै पर्यटक हो। घरवास, होटल खोल्ने, स्थानीय परिकारको स्वाद चखाउने कारणले नै पर्यटक पल्किन्छन् तर पानीटारमा चाहिं अहिलेसम्म व्यवस्थित खानपान र बस्ने ठाउंको अभाव छ। भर्खरै पर्यटकीय क्षेत्र बन्दै भएकाले पनि घरवास खुल्ने क्रममा छन्। पर्यटक बढ्दै जांदा स्थानीयवासीले घर-घरमा होटल सञ्चालन गर्न थालेको पर्यटन व्यवसायी पासाङ शेर्पा बताउंछन्।

उनका अनुसार अहिलेसम्म पानीटारमा व्यवस्थित होटल छैन। बस्ने व्यवस्था नभएकाले लामो समय पानीटारमा रहादैनन्। अब भने पर्यटन व्यवसायीकै सहकार्यमा बस्ने प्रावधान मिलाउने योजना बनाउंदै आएको समेत शेर्पा बताउंछन्। अहिले पानीटारमा शनिबार र शुक्रबार करिब २०० को हाराहारीमा पर्यटक भित्रिन्छन्। विशेषतः घुमघाम र हिउंदमा वनभोज आउनेको सङ्ख्या बढी हुन्छ। अहिले वनभोजका लागि त हामीले स्थानीय सिंहदेवी सामुदायिक वनको २५ प्रतिशत क्षेत्रमा वनभोज क्षेत्र बनाएका छौ, यहां निजी र सामुदायिक दुई किसिमको चियाबारी छ।

# एउटै विद्यालयमा १७ जना शिक्षकमा कोरोना संक्रमण पुष्टि

सुर्खेत । सुर्खेतमा एउटै विद्यालयका ११ सहित १७ जना शिक्षकमा कोरोना भाइरस (कोभिड(१९)को संक्रमण देखिएको छ ।

कर्णाली प्रदेश अस्पताल-पशुपन्छी रोग अन्वेषण प्रयोगशाला सुर्खेतमा गरिएको परीक्षणमा १७ जना शिक्षकमा संक्रमण पुष्टि भएको हो । जिल्लास्थित १७ जना शिक्षकलाई लक्षणसहितको संक्रमण देखिएको छ,' जनस्वास्थ्य कार्यालय सुर्खेतका प्रमुख चेतननिधि वाग्लेले भने, 'उहाहरु होम आशोलेनमा हुनुहुन्छ, अवस्था सामान्य नै छ ।

पञ्चपुरी नगरपालिकाको सुर्यप्रकाश माद्यामिक विद्यालय, पलैटेका ११ जना शिक्षकमा संक्रमण देखिएको नगर स्वास्थ्य शाखा प्रमुख गंगादेव पुरीले बताए । विद्याज्योती माद्यामिक विद्यालय बाबियाचौरका दुईजना शिक्षकलाई पनि संक्रमण देखिएको छ ।

नगर स्वास्थ्यशाखा प्रमुख पुरीका अनुसार दुई विद्यालयका ३९ जना शिक्षकको पीसीआर परिक्षण गर्दा १३ जना शिक्षकको रिपोर्ट पोजेटिभ आएको थियो । कोरोनासाग मिल्दोजुल्दो लक्षण देखिएपछि शिक्षकहरुको पीसीआर परिक्षण गरिएको थियो ।

सुर्खेतकै गुर्भाकोट नगरपालिकाको नेपाल राष्ट्रिय माध्यामिक विद्यालयका दुईजना र जनसेवा आधारभुत विद्यालयका एकजना शिक्षकमा पनि कोरोना संक्रमण देखिएको छ । नगर शिक्षा प्रमुख पदम विकका अनुसार शिक्षकहरुमा कोरोनासाग मिल्दोजुल्दो लक्षण देखिएपछि स्वाब संकलन गरिएको थियो । अर्का संक्रमित शिक्षक वीरेन्द्रनगर नगरपालिकाकै हुन्, तर शिक्षकको पूरा विवरण आइनसकेको जिल्ला जनस्वास्थ्य प्रमुख ले बताए ।

धमाधम बन्द भए विद्यालय
पालिकाले प्रत्यक्ष सिकाइ सहजीकरण निर्देशिकाले तोके बमोजिम स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर कक्षा सञ्चालन गर्न विद्यालयहरुलाई अनुमति दिएको थियो । त्यसअनुसार तिहारपछि धेरैजसो विद्यालयहरु खुलेका थिए । पछिल्लो समय शिक्षकहरुमा कोरोना भाइरसको संक्रमण देखिपछि भने विद्यालय बन्द भएका छन् ।

गुर्भाकोट नगरपालिकाका विद्यालयहरुमा मंसिर पहिलो साताबाट पठनपाठन सुरु भएको थियो । तर, शिक्षकहरुमा संक्रमण देखिन थालेपछि विद्यालय बन्द गरिएको नगर शिक्षा प्रमुख पदम विकले बताए । 'शिक्षकहरु संक्रमित भएका विद्यालयहरु अर्को सूचना जारी नभएसम्मका लागि बन्द गरेका छौं,' नगर शिक्षा प्रमुख विकले भने, 'संक्रमितको कन्ट्याक्ट ट्रेसिङ गरेर रि पोँट अनुसार खोल्नेरनखोल्ने पछि निर्णय लिन्छौं ।

पञ्चपुरी नगरपालिकले पनि संक्रमितको कन्ट्याक्ट ट्रेसिङ र स्क्रिनिङ गरी स्थिति सामान्य अवस्थामा ल्याउन एकसाता शैक्षिक संस्था बन्द गर्ने निर्णय गरेको छ । स्वाब संकलन गरिएका व्यक्तिहरुको रिपोर्ट नआउंदासम्म अनिवार्य रुपमा आइसोलेसनमा बस्न आग्रह गरेको शिक्षा शाखा प्रमुख तुल्सी केसीले बताइन् ।

# मनकामना केबुलकार खुला

काठमाण्डौ । गएको चैत्रदेखि बन्द अवस्थामा रहेको प्रसिद्ध धार्मिक स्थल गोरखाको मनकामना मन्दिर मंसिर २८ गतेदेखि खुल्ने भएको छ ।



मनकामना मन्दीर र केवलकार कोरोनाको जोखिम र स्वास्थ्यको जोखिम भएको बन्दै बन्द गरिएको मनकामना स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्ने गरी भक्तजनका लागि पूजाआजाका लागि खुला गर्न लागिएको हो ।
कोरोनाभाइरस महामारीपछि मन्दिरमा पूजाआजा गर्न भक्तजनलाई रोक लगाइएको थियो। दैनिक पूजा भने पूजारीले गर्दै आएका थिए ।
मनकामना क्षेत्र विकास समितिको आयोजनामा सहिद लखन गाउपालिका, वडाध्यक्ष, मनकामना मन्दिर जीर्णोद्वार समिति, पूजारी, मनकामना केवलकार, उद्योग वाणिज्य संघ र राजनीतिक दलका प्रतिनिधि बैठक गरेर मन्दिर र केवलकार खुलाउने निर्णय भएको स्थानीय बासिन्दा नरेन्द्र श्रेष्ठले जानकारी दिएका छन् ।

# आफैले चढेको बसले किचेर मृत्यु

गोरखा । गोरखाको सिरानचोक गाउंपालिका-२ थालाजुङ्गमा आफै चढेको बसले किचेर एक जनाको मृत्यु भएको छ । गोरखा सदर मुकामबाट केराबारीतर्फ जाादै गरेको ना३ख ८१४३ नंको बसले किचेर ४८ वर्षीय बुद्धिबहादुर रम्तेलको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय गोरखाका प्रमुख मित्रलाल ढकालले जानकारी दिए ।
दुर्घटनामा परी गम्भीर घाइते भएका रम्तेलको उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र भच्चेकमा पुर्याएलगत्तै चिकित्सकले मृत घोषणा गरेको उनको भनाइ छ । सिरानचोक गाउापालिकाको श्रीचौर घर भएका रम्तेललाई शनिबार साांझ बसबाट झर्ने क्रममा आफै चढेको बसको पछाडिको चक्काले किचेको प्रमुख ढकालले जानकारी दिए । मृतकको शव आज परीक्षणपछि परिवारलाई बुझाइने उनले बताए । (रासस)

# ब्रेक फेल भएको ट्रकले ८ वटा सवारी साधनलाई ठक्कर दिंदा एक जनाको मृत्यु

काठमाडौं । काठमाडौंको कलंकीमा ब्रेक फेल भएको ट्रकले ८ वटा सवारी साधनलाई ठक्कर दिादा एक जनाको घटनास्थलमै मृत्यु भएको छ । नागढुंगाबाट कलंकीतर्फ आउादै गरेको प्रदेश २ ०३००१ ख १४२० ट्रक कलंकीको कालिका पेट्रोल पम्प नजिक ब्रेक फेल हादा ८ वटा सवारी साधनलाई ठक्कर दिएर क्षति पुऱ्याएको छ ।
घटनास्थलमै मृत्यु हुनेको पुरुषको पहिचान नखुलेको महानगरीय ट्राफिक प्रहरी महाशाखाले जनाएको छ । दुर्घटनामा अरु ६ जना घाइते भएका छन् । जसमध्ये ३ जनाको अवस्था गम्भीर रहेको छ ।
ट्रकले सडक नजिकैको एउटा घर मा पनि क्षति पुऱ्याएको ट्राफिक प्रहरी महाशाखाका प्रमखु एसएसपी जनक भट्टराईले जानकारी दिए ।

## दार्चुलामा ३ को मृत्यु

दार्चुला । दार्चुलामा ट्रक दुर्घटना हुंदा ३ जनाको मृत्यु भएको छ । जिल्लाको मालिकार्जुन गाउंपालिका १ भर्तोलामा ना ३ ख ३४८५ नम्बर को ट्रक गएराति दुर्घटना हादा चालकसहित तीन जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ । शैलेशिखर ९ गोकुलेश्वरबाट दार्चुला सदरमुकाम खलंगा जाादै गरेको ट्रक दुर्घटना हादा बैतडीका २४ वर्षीय शेरबहादुर कार्की र बैतडीको दोगडाकेदार-६ का २४ धनसिङ भण्डारीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रवक्ता पुष्कर सिंह ऐरिले बताए ।

## रोजगार समाचार

# लोकसेवा आयोगद्धारा ५१३ पदमा बिज्ञापन

काठमाण्डौ । लोक सेवा आयोगले राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरहका ५१३ पदमा विज्ञापन खुलाएको छ । यसमध्ये १५३ जना जेष्ठताको आधारमा बढुवामार्फत् पदपूर्ति गरिने छ। बााकी पदहरुमा भने खुला तथा सामावेशीको आधारमा पदपूर्ति हुने लोक सेवा आयोगले जनाएको छ ।

सामान्य प्रशासन मन्त्रालयले रिक्त पदको विवरण संकलन गरी पदपूर्तिका लागि लोक सेवा आयोगलाई आग्रह गर्दछ । मन्त्रालयको विवरणअनुसार लोक सेवा आयोगले परीक्षा सन्चालन गरी पदपूर्तिका लागि सिफारिस गर्दछ ।

लोक सेवा आयोगका सूचना अधिकारी देवीप्रसाद सुवेदीका अनुसार सामान्य प्रशासन समूहमा खुलातर्फ ४४ अधिकृत पदमा विज्ञापन खुला भएको छ । यसैगरी राजश्वमा ४१, लेखामा ३४, लेखा परीक्षणमा १२ र परराष्ट्र सेवामा १ पदमा खुलातर्फ विज्ञापन खुलेको छ ।

# जागिर लगाईदिने बाहनामा ठगी

काठमाडौं । रुपन्देहीको ओमसतिया गाउंपालिका-६ का शिवनारायण चौधरी पक्राउ परे । काठमाडौंको सोह्रखुट्टे बस्दै आएका उनले दुई युवकलाई पोर्चुगलमा आकर्षक काम दिलाउने भन्दै १६ लाख २५ हजार रुपैयाा ठगेका थिए । खातामा पैसा जम्मा गराएपछि उनले जब अफर लेटर, भिसा लगायतका नक्कली कागजात दिएका थिए ।

काठमाडौंको कपन बस्दै आएका मोरङ, शनिश्चरेका नारायण खड्कालाई पनि दलालहरुले क्यानडा पठाउने विश्वासमा पारेर २१ लाख रुपैयां ठगे । सुर्खेतका ध्रुव थापा, सन्ध्या थापा र सुनसरीका राजेन्द्रकुमार श्रेष्ठले उनलाई ठगेको पोल प्रहरीमा उजुरी परेपछि मात्रै खुल्यो ।

रौतहटका बिनोदमणि बस्नेत गत भदौमा सरकारले विदेश जान श्रम स्वीकृति दिन थाल्नासाथ युवाहरुसाग विदशे पठाउन भन्दै रकम असुल्न थाले । उनले विभिन्न व्यक्तिसाग पटक(पटक गरी १९ लाख रुपैयां ठगेका थिए । पक्राउ गरेपछि प्रहरीले उनीमाथि ठगीको कारवाही चलायो ।

आफूलाई गौशालास्थित म्यानपावर कम्पनी राजदेवी इन्टरनेश्नल प्रालिको कर्मचारी बताउने मोरङ, ग्रामथामका बुधनारायण चौधरीले कुवेत पठाइदिन्छु भन्दै ७० जना युवकसाग २-२ लाखका दरले पैसा उठाए । तर, उनले न कुवेत पठाए, न पैसा फिर्ता दिए । ठगिने युवाले कात्तिक अन्तिम साता प्रहरीकोमा उजुरी गरेपछि चौधरी पक्राउ परेका छन् ।

सर्लाही र भोजपुरका दुई युवकलाई कम्बोडियामा राम्रो कमाइ हुने काम दिलाउने भन्दै फेसबुकबाट नक्कली आईडी बनाएर ठगियो । 'सुमन थापा' नामको फेसबुक एकाउन्टको विश्वासमा परेर मनी ट्रान्सफर मार्फत करिब ३ लाख रुपैयां पठाएपछि कम्बोडिया उड्न भन्दै गत असोज अन्तिम साता उनीहरु काठमाडौं आएका थिए । त्यसपछि मात्र आफू ठगिएको उनीहरुले थाहा पाएका थिए ।

गत चैतमा लकडाउन भएपछि तीन महिना विदेशमा हवाई उडान रोकियो । त्यो अवधिमा विदेश पठाउने भन्दै हुने ठगी सुस्ताएको थियो । तर, भदौयता यस्ता ठगीका घटना निरन्तर बढेको नेपाल प्रहरीको तथ्यांकले देखाउंछ । विदेश पठाउने भन्दै रकम ठगेको उजुरी प्रहरी र वैदेशिक रोजगार विभागमा धमाधम परिरहेको छ ।

अहिले अन्तर्राष्ट्रिय हवाई उडान सुरु भएको छ । विदेशबाट थोरै संख्यामा श्रमिकको माग पनि आउन थालेको छ । कतार, यूएई, जोर्डन, ओमन लगायत देशबाट नयाा डिमान्ड आउन थालेपछि म्यानपावरदेखि दलालसम्म सल्बलाएका छन् ।

वैदेशिक रोजगार विभागका महानिर्देशक कुमार दाहाल पछिल्ला दिनमा युरोप र ल्याटिन अमेरिकाका विभिन्न देशमा पठाइदिने भन्दै व्यक्तिगत ठगीका धैरै घटना हुन थालेको बताउाछन् । 'मलेसिया र खाडीमा पहिलेजसरी नै कतिपय म्यानपावर कम्पनी ठगीमा सक्रिय छन्,' उनी भन्छन्, 'अहिले युरोप र अमेरिकी देशका नाममा पनि चर्को ठगी हुन थालेको छ ।

मौखिक उजुरी लिएर विभाग आउने कतिपय युवा लिखित दिनुस् भनेपछि त्यसै फर्किने गरेको उनको भनाइ छ । कसैलाई पैसा बुझाउनुअघि धेरै खोजबिन गर्न महानिर्देशक दाहालको सुझाव छ । 'मानव तस्कर हरुले संगठित रुपमा ठग्न सुरु गरेका छन्,' उनी भन्छन्, 'श्रमिक आफैं सचेत हुनुपर्छ ।

## पर्याप्त...

सम्बन्धमा सम्माननीय प्रधानमन्त्री ज्यूलाई जानकारी गराउनु भएको थियो ।

राज्य सञ्चालनमा दीर्घकालीन एवं दूरगामी महत्व राख्ने निर्णयमा संवैधानिक परिषद्का सदस्यहरुबीच पर्याप्त गृहकार्य र समन्वय हुनुपर्छ भन्ने सभामुखको मान्यता रहेको उनले बताए ।

‘राज्यका तीन अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका प्रमुख र प्रतिनिधि सभाको विपक्षी दलको नेता समेत सहभागी रहने संवैधानिक परिषद्को बैठकले लिने निर्णयले दूरगामी महत्व राख्छ भन्ने विषयलाई सम्माननीय सभामुख ज्यूले गहिरोसंग आत्मसात गर्नुभएको छ’ वक्तव्यमा भनिएको छ ।

## ओलीबिरुद्ध...

बहुमतबाट कारवाहीसम्म गर्ने रणनीति बनाएको बुझिएको छ ।

खुमलटार बैठकले ओलीको एकलौटी निर्णय मान्य नहुने निर्णय समेत गरेको छ। बैठकले ओलीको एकलौटी निर्णय अस्वीकार गर्ने निर्णय लिएको छ’, वरिष्ठ नेता झलनाथ खनालका अनुसार ’कार्यकारी अध्यक्ष, स्थायी कमिटी र केन्द्रीय कमिटी कसैलाई थाहा नै नदिई ल्याएको अध्यादेश बारे थाहा छैन । यस्तो आचर्यलाग्दो तरिकाले अध्यादेश ल्याउनुको कारण के हो ? हामीलाई यो कुरा मान्य हुँदैन ।

वरिष्ठ नेता खनालले आफ्नै पार्टीको सरकारले यति ठूलो निर्णय लिँदा कोही कसैलाई पनि थाहा नदिएको ले आफूहरु आक्रोसित भएको बताएका छन् । स्थायी कमिटी बैठक बस्दैछ । बाँकी कुरा त्यहीँ हुन्छ, यसरी पार्टी सञ्चालनमा समस्या आउँछ ।

पार्टी अध्यक्ष एवं प्रधानमन्त्री ओलीले आफूसहित तीनजना सदस्य जुटेर संवैधानिक परिषद्को बैठक बस्ने प्रावधानसहित अध्यादेश ल्याएपछि प्रचण्ड-नेपाल समूह बहुमत सचिवालय सदस्यसहित रणनीति बनाउन जुटेका हुन् ।

सचिवालय सदस्यहरु झलनाथ खनाल, माधवकुमार नेपाल, वामदेव गौतम, नारायणकाजी श्रेष्ठलगायत नेताहरु खुमलटारमा पुगेर बैठक बसेका थिए ।

## काँग्रेस.....

कतिपय जिल्लामा कांग्रेस कार्यकर्ताले प्रधानमन्त्रीको राजीनामासमेत मागेका छन् ।

विरोधसभालाई सम्बोधन गर्ने कांग्रेस नेताहरुले सरकारको चर्को आलोचना गरेका छन् । भ्रष्टाचार डुबेको, अधिनायकवादतर्फ उन्मुख भएको, कोरोना महामारी नियन्त्रणमा चुकेको भन्दै सरकारको आलोचना गरेका उनीहरुले ‘राजा आऊ, देश बचाऊ’ भन्दै प्रदर्शन गर्दै हिंडेका राजावादीहरु तिर पनि काग्रेसका कार्यकर्ताहरुले सो हर्कतका बिरुद्ध उनीरुप्रति पनि आक्रमण भएका थिए ।

## बहुमत...

मन्त्रीले जानकारी दिए । प्रधानमन्त्री अध्यक्ष रहने परिषदमा सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रधान न्यायाधीश, विपक्षी दलका नेता र उपसभामुख सदस्य रहने व्यवस्था छ । अध्यादेश जारी भएपछि संवैधानिक परिषदका बहुमत सदस्य उपस्थित भएमा बैठक बस्न सक्नेछ ।

यसअघि परिषद अध्यक्ष र कम्तीमा ४ जना सदस्य उपस्थित भएमात्र बैठकका लागि गणपूरक संख्या पुगेको मानिने व्यवस्था थियो ।

परिषदका सदस्यमध्ये हाल उपसभामुख पद रिक्त छ । यो अवस्थामा बााकी सबै सदस्य उपस्थित भएमात्र बैठकका लागि गणपूरक संख्या पुग्ने थियो ।

## किन हतार...............

राष्ट्रियसभाका अध्यक्ष र उपसभामुख सदस्य रहनेछन् । मंगलबार बिहानको बैठकमा भने प्रमुख प्रतिपक्षी दलका नेता शेर बहादुर देउवा सहभागि भएका थिए । तर सापकोटा भने बैठकमा गएनन् ।

संवैधानिक परिषद्को काम कर्तव्य र अधिकार सम्बन्धि ऐनको दफा ६ को उपदफा ३ मा बैठक बस्न अध्यक्ष र अन्य चार जना उपस्थित हुनुपर्ने व्यवस्था छ ।

हाल उपसभामुख पद रिक्त छ भने सभामुख अग्नि सापकोटा बैठकमा अनुपस्थित रहादै आएका छन् । सभामुख सापकोटा नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड निकट हुन् ।

नेकपाका अध्यक्ष प्रचण्डले पार्टीमा विवाद रहेका बेला प्रधानमन्त्री केपी शर्मा ओलीले संवैधानिक परिषद् बैठक राखेकोमा आपत्ती जनाइसकेका छन् ।

गत वैशाख ८ गते पनि प्रधानमन्त्री ओलीले संवैधानिक परिषदमा आफूले चाहेको बखत बैठक बोलाएर विपक्षी दलको नेताको अनुपस्थिति वा असहमतिमा पनि निर्णय लिन सक्ने प्रावधानसहितको अध्यादेश जारी गर्न सिफारिस गरेका थिए ।

उक्त अध्यादेशका अतिरिक्त राजनीतिक दल सम्बन्धी अध्यादेश समेत जारी गराएका ओलीले स्वयं सत्तारूढ दलभित्रैबाट समेत विरोध भएपछि चारदिनपछि वैशाख १२ दुवै अध्यादेश फिर्ता गराएका थिए ।

## संसदीय....

परिषद्मा प्रतिनिभिसभामा उपसभामुख बिहीन छ । जसमा हाल कायम ६ जना सदस्य मात्र रहेको संवैधानिक परिषद्मा बुहमत सदस्य ४ जना उपस्थित भएर मात्र निर्णय गर्नु पर्ने भए पनि प्रधानन्त्रीले गणपूरक तीन सदस्यीय प्रधानमन्त्री, राष्ट्रिय सभाका अध्यक्ष र प्रधानन्ययाधीश को उपस्थितिमा संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएर फेरि देशलाई अस्थिरताको बाटो तर्फ मोड्याउन खोजेका छन् । आफ्नै पार्टी नेकपाभित्र समेत बिरोध भइरहेको बेला ल्याइएको यो अध्यादेशले नेकपा पार्टी र राष्ट्रलाई समेत दुरगामी असर पर्ने देखिन्छ ।

प्रधानमन्त्रीको यस खालको कदमले सबै पक्षबाट बिरोधका स्वर आइरहदा र आउंदा पनि प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले अध्यादेश नपढी, अध्ययन नगरी टेबुलमा पुग्ने बित्तिकै क्षणभरमा प्रमाणीकरण गरिदिनु भएको छ । यसले राष्ट्रपति स्वयम आफू पनि बिवादमा तानिनु भएको छ ।

नेपाललको कानुनी व्यवस्थामा उल्लेख भए अनुसार सरकारले अध्यायादेश ल्याउन जरुरी भएको खण्डमा प्रतिनिधिसभा भएको खण्डमा संवैधानिक परिषद्को बहुमत सदस्यको निर्णयले संघीय संसदको बैठकमा पेश गरेर संसदबाट पारित भएपछि मात्र राष्ट्रपति कहां प्रमाणीकरणका लागि लगिने व्यवस्था छ । तर संघीय संसद नभएको खण्डमा सरकारले संवैधानिक परिषद्का बहुमत सदस्यको निर्णयबाट मन्त्रीपरिषद्मा निर्णयगरी राष्ट्रपतिकहां लगिने र राष्ट्रपतिले सो अध्यादेशमा अध्ययन गर्नका लागि केही दिनको अध्ययन पछि राष्ट्र हितमा भएको खण्डमा प्रमाणीकरण गर्ने र यदि त्यसो छैन भने पुन मन्त्रीपरिषद्मै फिर्ता गर्ने कानुनी व्यवस्था भएपनि त्यसो नगरी राष्ट्रपतिले अध्ययनबीनै प्रमाणीकरण गरि दिएकी छन् ।

अध्यादेश ल्याउदा सबै मन्त्रीलाई जानकारी र मन्त्रीपरिषद्का बहुमत सदस्यको निणर्यबाट मात्र अध्यादेश ल्याउने कानुनी व्यवस्था भए पनि प्रधानमन्त्रीले मन्त्रीपरिषद्मा समेत एकलौटी ढंगले जबरजस्त निर्णय गरी एकै दिन निर्णय र सोही दिन नै राष्ट्रपतिबाट लाहछाप लगाइएकाले भोलिका दिनमा राष्ट्रिय राजनीतिमा पक्कै हलचल र संवैधानिक संकट पनि नआउन भन्न सकिन्न ।




मैलुङ्ग गाउंपालिका
गाउंपालिकाको कार्यालय
मैलुङ, दोलखा




चौकुने गाउंपालिका
गाउंपालिकाको कार्यालय
गुटु, सुर्खेत

**कोही भोको नबसौं स्वस्थ रहौं**

**स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर मात्र घरबाहिर हिड्ने गरौं ।**

**नियमित साबुन पानीले हात धुने गरौं ।**

# विश्वकप फुटबलका बिजेता पाउलो रोसीको निधन

इटालियन लेजेण्ड तथा फिफा विश्वकप फुटबलको विजेता पाउलो रोसीको निधन भएको छ ।

रोसीको ६४ वर्षको उमेरमा मंगलबार निधन भएको हो । उनले काम गरेको आरएआई टीभीले रोसीको निधनको खबर सार्वजनिक गरेको हो ।

युभेन्ट्स र एसी मिलानका पूर्व खेलाडी समेत रहेका रोसीले सन् १९८२ मा विश्वकप जितेका थिए ।

उनलाई विश्वकै उत्कृष्ट फरवार्डमध्ये एक मानिदै आएको छ । यस्तै सन् १९८२ मा इटलीलाई स्पेनमा विश्वकप जिताउादा उनले गरेको उत्कृष्ट प्रदर्शनका लागि पनि उनलाई सम्झिइन्छ ।



इटलीले विश्वकप फाइनलमा पश्चिम जर्मनीलाई ३(१ ले पराजित गर्दा रोसीले पहिलो गोल गरेका थिए ।

उनकै ह्याट्रिकमा इटलीले उपाधिको दाबेदार मनिएको ब्राजिललाई ३-२ ले पराजित गर्दै चााडै घर फर्काएको थियो । यस्तै सेमिफाइनलमा इटलीले पोल्याण्डलाई २(० ले पराजित गर्दा दुवै गोल रोसीले गरेका थिए ।


रोसीले विश्वकपमा गोल्डेन बुट र गोल्डेन बल दुवै अवार्ड जितेका थिए । साथै उनले त्यही वर्ष बालोन डेओर अवार्ड समेत जितेका थिए । उनले उक्त विश्वकपमा कूल ६ गोल गरेका थिए ।

रोसीले इटलीका लागि ४८ खेल खेल्दै २० गोल गरे । उनले चार सिजन युभेन्ट्समा बिताउादा दुई सिरी ए, एक युरोपियन कप र एक कोपा इटालिया जिते ।

# नेमारको ह्याट्रिक सँगै पीएसीको शानदारजीत

ब्राजिलियन स्टार नेमारले ह्याट्रिक गरेपछि युरोपियन च्याम्पियन्स लिगमा फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पीएसजी)ले शानदार जित हात पारेको छ ।

अघिल्लो दिन रंगभेदी दुर्व्यवहारका कारण बिचमै स्थगित भएपछि गएर ाति फेरि खेलाइएको खेलमा पीएसजीले टर्किस क्लब इस्तानबुल बासाकसेयरलाई ५(१ ले पराजित गरेको हो ।



मंगलबार राति भएको खेलमा बासाकसेयरका सहायक प्रशिक्षक पिएरे वेबोलाई म्याचको फोर्थ अफिसियलले रंगभेदी व्यवहार गरेपछि खेल स्थगित भएको थियो र दुवै टिमका खेलाडीहरु मैदानबाट बाहिरिएका थिए । त्यसपछि युईएफएले यसबारे अनुसन्धान गर्ने र खेल फेरि सुरु गराउने बताएको थियो ।

पीएसजीका लागि नेमारले ह्याट्रिक गर्दा बााकी दुई गोल किलएन एमबाप्पेले गरे । घरेलु मैदान पार्क डे प्रिन्समा भएको खेलमा नेमारले १औं मिनेटमा गोल गर्दै पीएसजीलाई अग्रता दिलाए । ३८औं मिनेटमा नेमारले नै गोल गर्दै अग्रता दोब्बर पारे । ४० औं मिनेटमा पीएसजीका मिचेल बाकेरले गोल गरेपनि त्यसले मान्यता पाएन । तर ४२औं मिनेटमा एमबाप्पेले पेनाल्टीमा गोल गर्दै पीएसजीलाई पहिलो हाफमै ३(० को अग्रता दिलाए ।

दोस्रो हाफमा पीएसजीले दुई गोल थप्यो । ५०औं मिनेटमा व्यक्तिगत तेस्रो गोल गर्दै नेमारले ह्याट्रिक पूरा गरे ।

स्तानबुलका लागि ५७० मिनेटमा मेहमेत टोपालले एक गोल फर्काएका थिए । ६२औं मिनेटमा एमबाप्पेले व्यक्तिगत दोस्रो गोल गरेपछि पीएसजीले शानदार जित हासिल गरेको हो । जितपछि १२ अंक जोड्दै पीएसजी समूह एचको समूह विजेता बन्दै अन्तिम १६ मा प्रवेश गरेको छ । समान अंक भएपनि हेड टु हेडमा अवे मैदानमा गोल गरेका आधारमा आरबी लाइपजिग भने दोस्रो स्थानमा रह्यो ।

# गौतमबुद्ध कप क्रिकेट प्रतियोगिता संचालन गरिने

काठमाण्डौ । बागमती प्रदेश क्रिकेट संघले मंसिर अन्तिम साता गौतमबुद्ध कप क्रिकेट प्रतियोगिता आयोजना गर्ने भएको छ ।

राष्ट्रिय टिमका खेलाडीले पनि खेल्ने बताइएको प्रतियोगिता मंसिर २७ गतेदेखि चितवनस्थित धुर्मुस सुन्तली फाउन्डेसनले निर्माण गरिरहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट मैदानको नमुना क्रिकेट मैदानमा हुने भएको हो ।

आयोजकका अनुसार कोरोना भाइरस महामारीका कारण स्वास्थ्य सुरक्षाको मापदण्डलाई पालना गर्दै प्रतियोगिता संचालन गरिनेछ । अहिले राष्ट्रिय टिमको क्याम्पमा बोलाइएका २७ खेलाडीलाई प्रतियोगितामा समावेश गरिने आयोजकले जनाएको छ । यस्तै राष्ट्रिय टिममा खेलिसकेका र क्याम्पमा नपरेका यू१९ का प्रतिभाशाली खेलाडीहरु थप गरिने आयोजकको भनाइ छ । राष्ट्रिय टिमको प्रशिक्षक र कप्तानलाई बांकी खेलाडी छनोट गर्ने जिम्मा दिइएको छ ।

प्रतियोगितामा राष्ट्रिय खेलाडीदेखि स्थानीय खेलाडीहरु सम्मिलित तीन टिमले प्रतिस्पर्धा गर्नेछन् । मंसिर २७ देखि ३० गतेसम्म सञ्चालन हुने प्रतियोगिता मा जम्मा चार खेल हुने आयोजकले जनाएको छ । तीन टिमले एक आपसमा प्रतिस्पर्धा गरेपछि शीर्ष दुईले उपाधिका लागि फाइनल खेल्नेछन् । प्रतियोगताका खेलहरु सकेसम्म ५० ओभर गर्ने योजना आयोजकको छ । तर चितवनको मौसम अहिले दिनभर क्रिकेट खेल्न सुहाउंदो नभएकोले कति ओभरको खेल गर्ने मौसमको अवस्था हेरेर पछि निर्णय हुनेछ । विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीपछि क्रिकेट गतिविधिलाई बढाउन प्रतियोगिता आयोजना गरिन लागिएको जनाएको छ । व्यवस्थापन क्विन्स इभेन्ट म्यानेजमेन्टले गर्नेछ ।


"Accredited by University Grants Commission (UGC) Nepal (2019)"

भर्ना खुल्यो

BBM BCA BICT BBS

BSW B.ED BA BBA*

जनमैत्री वहुमुखी क्याम्पस
कुलेश्वर, काठमाडौं

01-4286283, 4277202
Voicemail: 1618014277202
www.janamaitri.edu.np
Email: jmc2047@gmail.com
facebook.com/janamaitri.campus






तामाकोशी गाउंपालिका
गाउंपालिकाको कार्यालय
भिमकोट, दोलखा

# श्वेता खड्का दोस्रो विवाह गर्दै



काठमाण्डौ । ६ वर्ष अघि कलाकार तथा नायक श्रीकृष्ण संग विवाह गरेको एक महिनामै एक्लो हुनु भएकी अभिनेत्री श्वेता खड्काले फेरी ६ वर्ष पछि दोस्रो विवाह गर्दैछिन् । उनले आफ्नो फेसबुकमा स्टाटेड लेख्दै भनेकी छिन्, आफ्नो जीवनको दुःखद अध्याय बन्द गरेर खुसीको अध्याय सुरू गर्ने निर्णयमा आफू पुगेका बताएकी छिन् ।

उनी आज मंसिर २२ गते धनगढीका विजयेन्द्र सिहं रावतसाग दोस्रो विवाह बन्धनमा बााधिदैछिन् पनि ।

उनले भनेकी छिन्, आफ्ना परिवारका सदस्यको निरन्तर प्रयास, साथीसंगी, अग्रज र दिग्गज व्यक्तित्व लगायत शुभचिन्तकले दिएको हौसला, साहस र प्रोत्साहनकै कारण आफू यो निर्णय लिन सफल भएको उनले बताएकी छन् ।यति हुादाहुादै पनि मनमा एउटा प्रश्न भने अवश्य छ, के यो पुरुष प्रधान समाजले मेरो यो निर्णय स्वीकार गर्ला र ?

मलाई थाहा छ, श्वेताको आंखामा आंशु मात्रै देखिनुपर्छ भन्ने सोच बोकेका दुई चार जना व्यक्तिहरूलाई मेरो यो निर्णयले पोल्नेछ ।’

# डान्सिङ रियालिटी सो डान्स मास्टर लिग चाम्स को घोषणा

काठमाडौं । पछिल्लो समय टेलिभिजन रियालटी शो दिन प्रतिदिन बढ्न थालेको छ । यस्तैमा डान्सिङ रियालिटी शो ‘डान्स मास्टर लिल चाम्स’ पनि सुरु हुने भएको छ । राजधानीमा एक कार्यक्रमको बीच शोको औपचारिक घोषणा समेत गरिएको हो । ‘थ्रि प्रोडक्सन’ ले ‘नेपा प्रोडक्सन’ सागको सहकार्यमा निर्माण गर्न लागेको यो शोलाई विशाल भण्डारीले निर्देशन गर्नेछन् । जो ‘कमेडी च्याम्पियन’ का पनि निर्देशक हुन् ।

शोमा केकी अधिकारी, रीमा विश्वकर्मा, विशाल भण्डारी, रोहिया महर्जन, रीना महर्जन, गम्भीरमान सिंहलगायत कलाकार निर्माताको रुपमा रहेका छन् । १३ वर्षभन्दा कम उमेरका बालबालिकाले मात्र सहभागिता जनाउन पाउने शोको सुपर जजमा अभिनेत्री सारंगा श्रेष्ठ रहेनछिन् । जजको रुपमा भने ‘डान्स इन्डिया डान्स-लिल चाम्स’ की विजेता तेरियमा मगर ,डान्स प्लस सिज २ का प्रतियोगी सुशान्त खत्री र बुगी विगी, नेपाल आइडल, द भ्वाइस अफ नेपाल जस्ता रियालिटी शोमा करियोग्राफी गरि सकेकी रोहिया महर्जन रहनेछन् ।

रीमा विश्वकर्मा र कमेडी च्याम्पियनबाट चर्चामा आएका सुमन कोइरालाले होस्ट गर्ने कार्यक्रम राम्रो नृत्य गर्न सक्ने बालबालिकालाई अवसर प्रदान गर्न आयोजना गर्न लागेको निर्देशक भण्डारी बताए । निर्माता केकी अधिकारी पहिलो रियालिटी शोबाट पाएको सफलता र हौसलाले नै दोस्रो रियालिटी शो निर्माणमा हिम्मत बढेको बताइन् ।

‘डान्स मास्टर लिल चाम्स’ ‘कमेडी च्याम्पियन सिजन २’ समाप्त भएपछि सुरु हुनेछ । यस शोको लागि पहिलो चरणको अडिसन डिजिटल रुपमा लिइने निर्देशक भण्डारीले जानकारी दिए । रियालिटी शोमा विजेताले २५ लाख नगद पुरस्कार पाउानेछन् । त्यस्तै, दोस्रो र तेस्रो हुनेले क्रमशः १५ लाख र १० लाख नगद पुरस्कार हात पार्नेछन् ।


लैङ्गिक हिंसाको अन्त्य

समृद्ध नेपालको गन्तव्य

नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

सुचना तथा प्रशारण विभाग



**सूचना ! सूचना !! सूचना !!!**

**कदर मिडिया प्रा. लि. द्वारा**

**संचालित, प्रकाशित**

**www.kadarnews.com**

**अनलाईन पत्रिका संचालनमा आएकोले सबै जनमहानुभावलाई लेख, रचना, समाचार र कविता र अन्य खोजमूलक समाचार तथा सबै खाले बिज्ञापन पठाइदिन अनुरोध छ ।**

**कदर मिडिया प्रा. लि.**

चनपा-१२, बलम्बु, काठमाण्डौ

सर्म्पक : ९८५१२४६५२०

ईमेल : kadarnews@gmail.com
kadarp792@gmail.com
kadarmedia@gmail.com